श्रोतः कान्तिपुर, २०७२/१२/६

# बुढीगण्डकी जलविद्युत आयोजना क्षेत्रमा भूमाफियाको व्यापक चलखेल

जलश्रोत तथा उर्जामन्त्री टोपबहादुर रायमाझीले बुढीगण्डकी जलविद्युत आयोजना अन्र्तगत डुबान क्षेत्र र सो आसपासका जग्गा किनबेच तत्काल रोक्का गर्न निर्देशन दिएका छन् ।

मन्त्री रायमाझीले गोरखा र धादिङ जिल्लाका मालपोत तथा नापी प्रमुखहरु, प्रमुख जिल्ला अधिकारीहरु, सुरक्षा प्रमुखहरुसागको भेलामा उक्त निर्देशन दिएका हुन् । बुढीगण्डकी जलविद्युत आयोजना वरपरका जग्गामा भूमाफियाहरुको व्यापक चलखेल भएको जानकारीमा आएको भन्दै मन्त्री रायमाझीले एक हप्ता भित्रै प्रारम्भिक सूचना प्रकाशन गरि आयोजनालाई आवश्यक पर्ने जग्गाको लगत, कित्ता, जग्गाधनीहरुको नाम प्रकाशन गरि जग्गा खरिद तथा नामसारी रोक्कागर्न निर्देशन दिएका हुन् । उनले आगामी एक दशकलाई उर्जा विकासका दशकका रुपमा निती तथा कार्यक्रम संचालन गरि उर्जा संकट निवारण गरिने बताए ।

बुढीगण्डकी आयोजनाले प्रयोग गर्ने जग्गा पहिचान, अधिग्रहण प्रकृया अघि बढाउन २ जिल्लाका सरोकारवालाहरुसाग आयोजनाले शुक्रबार चितवनको कुरिनटारमा अन्तरक्रिया कार्यक्रम गरेको थियो । कार्यक्रममा गोरखाका प्रजिअ नारायण भट्ट र धादिङ्का प्रजिअ विस्वप्रकाश सुवेदी दुवै जनाले ‘जग्गा अधिकरण गर्न मुआब्जा वितरण प्रकृयामा जति ढिलाई गरियो त्यती नै समस्या थपिदैं जाने भएकोले पहिचान भैसकेको जग्गाको असार मसान्त भित्रै मुआब्जा दिइसक्निुपर्ने’ धारणा राखेका थिए ।

आयोजनाले डुबान क्षेत्रमा पर्ने भएका कारण अधिकरण गर्नुपर्ने गोरखा र धादिङ्का स्वास्थ्यचौकी, विद्यालय र सामुदायिक भवनहरु भूकम्पले भत्काएका कारण पुनर्निर्माण कार्यक्रम अन्र्तगत नगरेर अस्थायी प्रकृितका निर्माण गर्नुपर्ने बताउादै धादिङ्का स्थानीय विकास अधिकारी भगवान अर्यालले भने, ‘आयोजना प्रभावित क्षेत्रका १३ गाविसका वास्तविक डुबानमै पर्ने विद्यालय र स्वास्थ्यचौकी लगायतका संरचना निर्माण अस्थायी प्रकृतिकै निर्माण गर्न स्वीकृति दिएका छौं ।’

मालपोत कार्यालय धादिङ्का प्रमुख रेवतीप्रसाद भुषालले आयोजना निर्माण हुने कुराले भुमाफिया सक्रियभइ एउटै कित्ता जग्गा पटकपटक किनबेच र टुक्रा पार्ने काम भइरहेकोले तत्काल अधिग्रहण गर्नुपर्ने बताए । प्रमुख भुषालले लगत लिई सकेपछि पनि जग्गाधनी र कित्ता थपिदैं गएकोले तत्काल जग्गा किनबेच नरोकिए समस्या नथपिने बताए ।

आयोजनाले प्रभाव पार्ने पश्चिम धादिङका सल्यानटार, नलाङ, खरि, मैदी, सलाङ, लगायतका १३ गाविसमा ८ हजार ३ सय १० कित्ताको २७ हजार ९ सय ३२ रोपनी भन्दा बढी अधिग्रहण गर्नुपर्नेमा लगत लिए पनि गत मंसीर यता मात्रै ३ हजार कित्ता किनबेच भएर त्यत्ति नै जग्गाधनी थपिएको बताए ।

'गोरखा जिल्लामा १४ गाविसका २७ हजार ८ सय रोपनी अधिकरण गर्नुपर्ने जग्गाको पहिचान भइसकेकोले तत्काल अधिग्रहण प्रकृया अघि बढाउनुपर्छ,' अधिकरणको लागी जग्गा लगत संकलन गर्न खटिएका रामप्रसाद कंडेलले भने ।

आयोजनाका अध्यक्ष डाक्टर लक्ष्मी देवकोटाका अनुसार सरकार, दाता र जनताको लगानीमै आयोजना निर्माण हुने भएकोले आयोजनालाई विवाद रहित बनाउन पहिचान भएका जग्गा आगामी असार मसान्तसम्म अधिग्रहण भइसक्ने र यसपाली काम सुरु गरिने तल्लो क्षेत्रका गाविसका पनि अधिग्रहण गरिने बताए ।

अध्यक्ष देवकोटाले भने, 'अधिग्रहण गर्नुपर्ने जग्गाको लगत दुवै जिल्लामा तयार भइसकेकोले चैत ८ गते प्रारम्भिक सूचना प्रकाशित गरिने छ, १२ गते बाट जग्गा नामसारी रोक्का गरिने र १५ गतेसम्म मुआब्जा वितरण समिति गठन गरि तत्काल मुआब्जा वितरण प्रकृया अघि बढाईने छ ।'

आयोजनाका कार्यकारी निर्देशक गोपाल बस्नेतका अनुसार जग्गाको मुआब्जा लिएर पनि स्थानीयवासीहरुले डुबानमा नपरुन्जेल उक्त जग्गाको उपयोग गरि रहन पाउने छन् र निर्माणसम्पन्न नहुन्जेल सरकारले वैकल्पिक पुर्नस्थापना व्यवस्था गरिसक्ने छ ।

धादिङका प्रमुख जिल्ला अधिकारी विस्वप्रकाश सुवेदीका अनुसार १२ सय मेगावाट विद्युत उत्पादन गर्न ८ हजार घरधूरीको हजारौं रोपनी जग्गा अधिग्रहण गर्नुपर्ने र घरबास नै उठाउनुपर्ने भएकाले संवेदनशिल भएका काम गर्नुपर्ने कुरा औंल्याए । 'अधिग्रहणले बहुआयामिक प्रभाव पार्ने भएकाले विभिन्न निकायहरू साथ मिलेर काम गर्नुपर्छ,' उनले भने, 'वित्तीय, प्रशासनिक, प्राविधिक, राजनीतिक रूपका जटिलता, आदिमा व्यापक  छलफल हुनुपर्छ ।'

श्रोतः कान्तिपुर, २०७२/१२/६

# प्रयोगशालामा सीमित विद्युत् क्षेत्र

रवीन्द्रबहादुर श्रेष्ठ

सरकारले फेरि संकटकाल र सेना परिचालन गरेर जलविद्युत् आयोजना बनाउने घोषणा गरेको छ । १० वर्षमा दस हजार मेगावाट बनाउने कुरा पनि दस वर्षपछि फेरि दोहोर्‍याएको छ । महाकाली सन्धिले नेपाल सिंगापुर बन्ने भनेको पनि २० वर्ष नाघिसकेको छ । सरकारसँग भने कुनकुन जलविद्युत् योजना कहिले बनाउने ठोस कार्यक्रम छैन ।

**सांगठनिक संरचना र निजीकरण**

करिब १०० वर्षअघि फर्पिङबाट जलविद्युत् उत्पदन भए पनि एकीकृत रूपमा विद्युत् उत्पादन तथा वितरण सन् १९६० को दसकमा मात्र भएको हो । त्यसबेला अध्ययन, सर्वेक्षण र निर्माण विद्युत् विभाग, ग्राहक सेवा वितरण विद्युत् कर्पोरेसन तथा नीति निर्धारण र अनुगमन जलस्रोत मन्त्रालयको जिम्मेवारीमा थियो ।

यो सांगठनिक संरचनाले २० वर्षमा करिब २ सय मेगावाट उत्पादन र वितरण गरेर राम्रै काम गरेको थियो र एकताका बढी भएको विद्युत् खपत गर्न कर्पोरेसनले खाना पकाउने बिजुलीको चुलो पनि सस्तोमा वितरण गरेको थियो ।

सन् १९८० दसकको अन्त्यतिर बेलायतको थर्मल प्लान्ट (कोइलाको कारोबार) लाई व्यवस्थापन गर्न र अरू क्षेत्रमा निजीकरण गरेको ठिकै थियो ।

जलपरियोजनाको फाइदा केवल विद्युत् उत्पादनमा मात्र सीमित नभएर सिंचाइ, खानेपानी, बाढी नियन्त्रण आदिमा पनि भएकाले निजीकरण गरेको थिएन, यो सरकारी क्षेत्रमै थियो । अमेरिका, जापान, चीन, भारत आदि देशमा पनि जलविद्युत् आयोजना सरकारी क्षेत्रबाटै निर्माण गरिएका थिए र गरिन्छ पनि ।

विश्व बैंकको सल्लाहमा सन् १९८५ मा विद्युत् विभाग र कर्पोरेसनलाई गाभेर नेपाल विद्युत् प्राधिकरण (नेविप्रा) स्थापना भयो । प्राधिकरणका नियमहरू सरकारी विभागहरूभन्दा उदार भएकाले राजनीतिक हस्तक्षेप पनि बढ्यो । स्थापनाकालमै जलस्रोतमन्त्री आफैं बोर्ड अध्यक्ष बनेर, चाहिनेभन्दा बढी प्रशासनिक कर्मचारीहरू भर्ना गरेर नेविप्रालाई बोझिलो र खर्चिलो बनाए ।

नयाँ उदार विद्युत् ऐनले सबै खालको विद्युत् उत्पादन, प्रसारण तथा वितरण लाइन निर्माण गर्न छुट दिए पनि निजी लगानीकर्ता धेरै फाइदा हुने जलविद्युत् उत्पादनमा मात्र केन्द्रित रहे ।

यसो गरे नेविप्राले प्रणालीमा जोडिएको कुल विद्युत् उत्पदनको २० प्रतिशत मात्र खरिद गर्न सक्छ । तर एकीकृत विद्युत् प्रणाली तथा जलविद्युत्को अध्ययन, निर्माणको पनि जिम्मेवारी लिएको प्राविधिक जटिलता भएको प्राधिकरणलाई व्यापारीक संस्था (नेसनल ट्रेडिङ जस्तै) को रूपमा मात्र लिन थाले ।

निजी क्षेत्रले गर्ला भनेर सरकारले २० वर्षदेखि जलविद्युत्मा लगानी गर्न छाड्यो, जब कि त्यसबेला निजी क्षेत्रको अत्तोपत्तो थिएन, हाल आएर लगानी क्षमता वार्षिक ५–१० मेगावाट मात्र भएको छ । देशको आवश्यकता त्यसबेलै वार्षिक १०० मेगावाट पुगिसकेको थियो ।

जलविद्युत् निर्माण गर्न सक्षम र लामो समय अनुभव भएको निकाय आवश्यक पर्छ, जस्तै– अमेरिकाको यूएसबीआर । नयाँनयाँ कार्यालय (लगानी बोर्ड) खोलेर मात्र हुँदैन । हाल नेविप्रालाई टुक्रयाएर उत्पादन, प्रसारण

तथा वितरणका तीन छुट्टाछुट्टै सरकारी कम्पनी बनाउने खेल भइरहेको छ, त्यो त केवल नयाँ कर्मचारी भर्ना गर्न मात्र काम लाग्छ ।

सानो क्षमताको विद्युत् उत्पादन तथा वितरण सञ्जाल केवल १२ सय मेगावाट भएको संस्थानलाई टुक्र्याउन हुँदैन, किनभने यसको स्थायित्व र प्रभावकारिता कम भएर जान्छ र अवाञ्छित तत्त्वले खेल्ने मौका पाउँछन् । विद्युत् उपभोक्ताको संस्थान विद्युत् प्राधिकरणलाई भ्रष्टाचारमुक्त र समृद्ध बनाउनुपर्छ । मन्त्रीलाई दाम चढाएर वा कमिसन एजेन्टको भत्ता खाएर कार्यकारी प्रमुखको चयन भएसम्म संस्थानले प्रगति गर्ने भनेको आकाशको फलजस्तै हो ।

**लोडसेडिङका बेला विद्युत् निर्यातको कुरा**

विद्युतीय ऊर्जा अति आवश्यक भए पनि विकासशील देशमा यसको सधैं अभाव हुन्छ । विद्युत् उत्पादन गर्दा वातावरणमा ठुलै नकारात्मक असर पर्ने समेत भएकाले कुनै पनि देशले विद्युत् निर्यात गर्न भनेर विद्युत् प्लान्ट निर्माण गर्दैनन् ।

जस्तै थर्मल प्लान्टबाट वायुमण्डलमा हुने पदूषण, आणविक प्लान्टबाट विकिरणको खतरा र उच्च बाँध निर्माणले माथिल्लो तटमा जलमग्नताको प्रतिकूल असर र तल्लो तटीय क्षेत्रमा हुने लाभदायक खनिजयुक्त माटोको बहावमा अवरोध आदि छन् ।

एक दुई देशलाई छाडेर संसारमा कतै विद्युत् निर्यात गर्ने व्यवस्था छैन । युरोपका केही देशले विद्युत् प्रणालीलाई सन्तुलनमा राख्न सानो मात्रामा विद्युत् आदानप्रदान गर्ने गरेका छन् । विद्युत् आदानप्रदान (किनबेच) गर्नु नै छ भने पनि समान दरमा हाइ भोल्टेज करेन्ट (एचभीडीसी) र ब्याक टु ब्याक (बीटुबी) कनेक्सन मोडद्वारा हुनुपर्छ, संसारभर यही प्रचलनमा छ ।

रसिया र फिनल्यान्ड तथा बंगलादेश र भारतले पनि (एचभीडीसी) द्वारा नै विद्युत् आदानप्रदान गरेका छन् । (एचभीडीसी) द्वारा विद्युत् आदानप्रदान गरे आआफ्नो देशको ट्रान्समिसन लाइन र डिस्ट्रिब्युसन नेटवर्क र राष्ट्रिय विद्युत् प्रणाली स्वतन्त्र रूपमा सञ्चालन गर्न सकिन्छ ।

हाल विद्युत् आयात गर्दा विराटनगर र नेपालगन्ज क्षेत्र नेपालको विद्युत् प्रणालीबाट अलग्याई रेडियल मोडमा भारतको ग्रिडसँग जोडिन्छ । यसरी सो क्षेत्र भारतकै नियन्त्रणमा हुन्छ । पछि मध्यक्षेत्रमा (जहाँ अधिकतम खपत हुन्छ) थप विद्युत् आयात गर्ने हो भने देशको राजधानी काठमाडौं पनि भारतकै नियन्त्रणमा हुनेछ ।

अहिलेको प्राथमिकता भनेको निर्माणाधीन जलविद्युत् आयोजना, ट्रान्समिसन लाइन र डिस्ट्रिब्युसन नेटवर्क समयमै पूरा गर्नु हो, विद्युत् निर्यात र अन्तरदेशीय उच्च भोल्टेजको ट्रान्समिसन लाइन होइन ।

जलविद्युत् विकास गर्न हाइड्रोलजी, मेट्रोलजी, जियोलजी, टोपोग्राफी आदिको विस्तृत तथ्यांक हुनुपर्छ, यसलाई संकलन गर्न निकै समय, स्रोत र साधन लाग्छ ।

यस्ता अमूल्य तथ्यांक र आयोजना विद्युत् निकासी गर्ने भनेर कौडीको मूल्यमा विदेशी कम्पनीको जिम्मा लगाउन मिल्दैन । नेपालजस्तो चरम विद्युत् संकट झेलिरहेको देशले विद्युत् निर्यात गर्ने त सोच्नु पनि हुँदैन । विद्युतीय ऊर्जा सर्वप्रथम आन्तरिक उत्पादनमूलक उद्योगधन्दामा उपयोग गर्नुपर्छ ।

**नेपाली पुँजी र सीप**

नेपालीसँग पुँजी छैन, अत: जलविद्युत्मा पनि विदेशी पुँजी लगानी (एफडीआई) गर्नुपर्छ भनी एक पूर्वअर्थमन्त्रीले पटकपटक भनेका थिए । वास्तविकता यस्तो छ, जलविद्युत्मा प्रतिफल धेरै राम्रो भए पनि निर्माण अवधि लामो र झन्झटिलो हुनाले ठूला व्यापारी घरानाहरू यसमा लगानी गर्न रुचाउँदैनन् । उनीहरू तुरुन्त फाइदा हुने व्यापारमा

मात्र आकर्षित छन् । केही साना उद्यमीले यसमा लगानी गरे पनि अनुभवको कमीले निर्माणमा चाहिनेभन्दा बढी समय र पुँजी लाग्ने गरेको छ ।

पब्लिक र समुदायसँग ठूलो परिमाणमा छरिएको पुँजी छ (रेमिटेन्स मात्र वार्षिक ५ खर्ब) तर ठूला निजी क्षेत्रमा पारदर्शिता र कर्पोरेट कल्चर नभएकाले पब्लिकले विश्वास गर्न सकेका छैनन् । हाल रेमिटेन्स अनुत्पादकमूलक वस्तु र कार्यमा मात्र उपयोग भइरहेको छ । धेरै संख्यामा खुलेका सहकारी संस्थान र कम्पनीसँग जलविद्युत् निर्माणको अनुभव छैन ।

समस्या पुँजीको होइन, व्यवस्थापनको हो ।

राजनीतिक हस्तक्षेप कम भएको, नेपाली पुँजी र सीपमा चिलिमे (१५०० डलर प्रतिकिवा) र नेपालको सबैभन्दा ठूलो ४५६ मेवाको तामाकोसी (१००० डलर प्रतिकिलोवाटभन्दा कम) सस्तोमा बन्न सक्ने प्रमाणित भइसक्दा पनि सरकारको चेत खुलेको छैन । जलविद्युत्मा वार्षिक १५ अर्ब लगानी गरे लोडसेडिङ मात्र अन्त्य हुँदैन, कृषि, उद्योग, यातायात, पर्यटन आदिको पनि समुचित विकास हुन्छ ।

**जलविद्युत्को विकल्प छैन**

२० वर्षअघि जब लोडसेडिङ हिउँद महिनामा मात्र (दुई मेगावाट २ घन्टा) थियो, त्यसबेला पनि जलविद्युत् बनाउन धेरै समय लाग्छ, छोटो समयका लागि डिजेल प्लान्ट जडान र भारतबाट विद्युत् खरिद गरी समस्या समाधान गर्ने भनियो ।

२३ मेगावाटको चार युनिट मल्टिफ्युल नामधारी डिजेल प्लान्ट (सञ्चालन खर्च रु ४० प्रतिकिलोवाट घण्टा) दुबहीमा जडान र भारतबाट ३० मेगावाट खरिद गर्ने व्यवस्था गरियो ।

हाल आएर भारतबाट २०० मेगावाट र विदेशी निजी कम्पनीबाट १०० मेगावाट खरिद गर्दा पनि लोडसेडिङ ५०० मेगावाट दैनिक १३ घण्टा पुगिसकेको छ । तर सरकारले जलविद्युत् आयोजना बनाउने अझै छाँटकाँट छैन । भारतबाट सजिलै विद्युत् आयात भएसम्म सरकारले जलविद्युत् आयोजना बनाउँदैन । यो पेन किलरजस्तै हो । नेविप्रा महँगो विद्युत् खरिद तथा डिजेल प्लान्ट सञ्चालन गरिरहने र सरकार प्रमाणित नभएको ऊर्जा स्रोतको पछि लागिरहने हो भने विद्युत् प्राधिकरण टाट पल्टिनेछ र यसमा आश्रित निजी क्षेत्र पनि समाप्त हुनेछ, देश अन्धकारमा डुब्नेछ । आफ्नै देशमा जलविद्युत्को प्रशस्त सम्भावना हुँदाहुँदै फेरि थप विद्युत् आयात गरेर, पटकपटक नाकाबन्दी लगाउने भारतकै भर पर्नु कहाँसम्मको बुद्धिमानी हुन्छ ?

सौर्य ऊर्जाले केवल डीसी (डाइरेक्ट करेन्ट) पावर मात्र उत्पादन गर्न सक्छ, जुन उद्योग र चलायमान मेसिन आदिमा काम लाग्दैन । एसी (अल्टरनेटिभ करेन्ट) मा परिवर्तन गर्न निकै महँगो (रु ३० देखि ४० किवा घण्टा) पर्छ । सोलार प्यानल, ब्याट्री, इन्भर्टर आदिमा वार्षिक २० अर्ब बाहिर जाने गरेको छ । यो जलविद्युत्, कोइला र विद्युत् आपूर्ति चरम अवस्थामा पुगिसकेको र सोलार प्यानल, ब्याट्री आदि आफैं उत्पादन गर्ने देशमा मात्र काम लाग्छ, जलविद्युत्को सम्भावना भएको देशमा होइन । यसले देशको विद्युतीय ऊर्जाको आवश्यकता पनि पूरा गर्न सक्दैन, घरघरमा बिजुली बाल्न मात्र काम लाग्छ, यो काम निजी क्षेत्रको हो ।

**निष्कर्ष**

जलविद्युत् आयोजना एकअर्कासँग नमिल्ने प्रकृतिमा निर्माण गरिने विशाल मूर्त कला हो । कर्णाली उच्च बाँधको अध्ययन ५२ वर्षअघि सन् १९६४ मा भएको थियो, अरुण–३ र माथिल्लो कर्णालीको अध्ययन भएको पनि २०–३० वर्ष नाघिसकेको छ ।

चीनको 'थ्री गोर्जेज' को परिकल्पना र निर्माण सम्पन्न हुन करिब १०० वर्ष लाग्यो । १० वर्षमा १० हजार मेगावाट जलविद्युत् उत्पादन गर्ने कुरा राजनीतिकर्मी र चम्चाहरूको स्वप्नचित्र (फेन्टासी) मात्र हो, निर्माणका लागि ठोस योजना आवश्यक पर्छ ।

सरकारले बुद्धि परिचालन गरेर जलविद्युत् आयोजना बनाउनुपर्छ । लोडसेडिङको अन्त्य गर्न सर्वप्रथम तत्काल निम्नलिखित कार्य गर्नुपर्छ (दीर्घकालीन योजना पछि बनाउने) :

१) ८० प्रतिशत काम पूरा भइसकेको माथिल्लो तामाकोसी (४५६ मेवा) को निर्माणकार्य युद्धस्तरमा विशेष व्यवस्था गरी १ वर्षभित्र पूरा गर्नुपर्छ ।

२) गुरुयोजनामा सस्तो र उत्कृष्ट ठहर भएका आयोजना विद्युत् प्रधिकरणको अगुवाइमा तुरुन्त सुरु गर्नुपर्छ ।

३) एडीबी र जापान सरकारको सहयोगमा बन्ने जलाशययुक्त १४० मेगावाटको तनहुँ जलविद्युत् आयोजना तुरुन्त थाल्नुपर्छ ।

४) आन्तरिक प्रसारण–वितरण लाइन, सबस्टेसन, ट्रान्सफर्मर आदिको निर्माण र मर्मत तुरुन्त गर्नुपर्छ ।

५) देशको विद्युत् उत्पादन, प्रसारण, वितरण लाइन तथा राष्ट्रिय विद्युत् प्रणालीजस्ता महत्त्वपूर्ण कार्यको जिम्मा भएको विद्युत् प्राधिकरणको व्यवस्थापनमा राजनीतिक हस्तक्षेपमुक्त बनाउँदै सुधार ल्याउनुपर्छ । प्राधिकरणलाई जलविद्युत् अध्ययन, निर्माण र सञ्चालन गर्ने पूर्ववत् एक सक्षम प्राविधिक विभागका रूपमा विकास गर्नुपर्छ ।

६) विद्युत् प्राधिकरणको सांगठनिक संरचनालाई प्रभावकारी र सुदृढ बनाउन, सञ्चालक समितिको अध्यक्षमा मन्त्रीलाई राख्नु हुँदैन । प्रशासनका कर्मचारी कम (प्राविधिक ७० प्रतिशत र प्रशासकीय ३० प्रतिशत) गर्नुपर्छ र प्राधिकरणको कार्यकारी निर्देशक प्राविधिक व्यक्ति र प्राधिकरणभित्रकै हुनुपर्छ ।

*श्रेष्ठ हाइड्रोपावर इन्जिनियर हुन् ।*

श्रोतः कारोबार, २०७२/१२/७

# दोर्दी–१ जलविद्युत् आयोजना

***मुख्य प्रवद्र्धक : लमजुङ विद्युत् विकास कम्पनी (लेड्को)***
***सहायक प्रवद्र्धक : दोर्दीखोला जलविद्युत् कम्पनी***
***अनुमानित लागत : १ अर्ब ८६ करोड***
***प्रभावित गाविस : ढोडेनी, फलेनी र बन्सार***
***जडित क्षमता : १०.३ मेगावाट***
***आयोजना स्थल : ढोडेनी***

लमजुङ, ७ चैत – दोर्दी खोला जलविद्युत् कम्पनी लमजुङ विद्युत् विकास कम्पनी (लेड्को)को सहायक कम्पनी हो । दोर्दी खोला जलविद्युत् कम्पनी प्रवद्र्धक रहने गरी दोर्दी–१ जलविद्युत् आयोजनाको स्थापना गरेको हो । आयोजनामा लेड्कोको बहुमत सेयर छ । आयोजनामा लेड्कोको ८५ प्रतिशत, ४ मेगावाट क्षमताको खुदी हाइड्रोपावर लिमिटेडको ३ प्रतिशत र अन्य प्रवद्र्धकको ११ प्रतिशत सेयर स्वामित्व छ ।

मुलुकको विद्युतिय संकट न्यूनीकरण गर्ने उद्देश्यले ०५१ सालमा लेड्को स्थापना गरिएको हो । आयोजनाबाट दोर्दी करिडोरमा १०.३ मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिइएको छ । हालसम्म लेड्कोअन्तर्गत लमजुङमा १८३ किलोवाटको स्याँगे जलविद्युत् र ४.४ मेगावाटको राँधी साना जलविद्युत् आयोजना सञ्चालन छन् ।

दोर्दीखोलाले दोर्दी–१ निर्माणका लागि ०६२ माघमा ऊर्जा मन्त्रालयबाट विद्युत् उत्पादन अनुमतिपत्र प्राप्त गरेको थियो । आयोजनाले नेपाल विद्युत् प्राधिकरणसँग विद्युत् खरिद–बिक्री सम्झौता (पीपीए)का लागि ९ वर्षसम्म आयोजनाको विभिन्न प्रक्रियामा लाग्नुपरेको थियो । फलस्वरूप दोर्दीखोला र प्राधिकरणबीच ०७१ कात्तिकमा पीपीए सम्पन्न भएको छ । सम्झौताअनुरूप दोर्दी–१ ले ०७६ साउनमा व्यापारिक रूपमा विद्युत् उत्पादन थाल्नुपर्नेछ ।
१ अर्ब ८६ करोड अनुमानित लागत रहेको आयोजना तोकिएकै समयमा सम्पन्न गर्न प्रबद्र्धक कम्पनीले आवश्यक कार्य अगाडि बढाइरहेको छ । आयोजना निर्माणका लागि दोर्दी–१ को फाइनान्सियल क्लोजर अर्थात् वित्तीय व्यवस्थापनको कार्य सम्पन्न भइसकेको छ । ०७२ पुसमा सानिमा बैंकको अगुवाइमा वित्तीय व्यवस्थापन सम्पन्न भएको हो । सानिमा, लक्ष्मी, कृषि विकास, कैलाश विकास र यती विकास बैंकको लगानी रहने परियोजनाको लागतको ७५ प्रतिशत बैंकको र २५ प्रतिशत प्रवद्र्घकको लगानी रहनेछ ।

आयोजनास्थल लमजुङको ढोडेनी, फलेनी र वन्सार गाविसमा पर्छ । यो पानीको बहावमा आधारित आयोजना हो । दोर्दीखोलाको पानीलाई ढोडेनी–४ मा निर्माण गरिने ड्यामबाट २ हजार ५०० मिटर लामो भूमिगत सुरुङ र ६०० मिटर लामो पेनस्टक पाइपमार्फत ल्याइएको पानीलाई ढोडेनी–३ मा रहेको विद्युत्गृहमा खसाली विद्युत् उत्पादन गर्ने आयोजनाको लक्ष्य छ । आयोजनामा ५.१५ मगावाट क्षमताका २ वटा फ्रान्सिस टर्बाइन प्रयोग गरिनेछ ।

आयोजनाबाट वार्षिक ५८.६८ गिगावाट आवर (५ करोड ६१ लाख युनिट) विद्युत् उत्पादन गरी राष्ट्रिय प्रसारणलाइनमा जोडिने सम्झौता भइसकेको प्रवद्र्धक कम्पनीले जनाएको छ । आयोजनाबाट उत्पादित विद्युुत्लाई ७ किमी लामो १३२ केभी प्रसारणलाइनमार्फत उदिपुरस्थित सवस्टेसनमा जडान गर्ने सम्झौता विद्युत् प्राधिकरणसँग भएको छ । सोहीअनुरूप आयोजना यतिबेला 'फाइनल डिटेल डिजाइन' तथा प्रसारणलाइन डिजाइनको कार्यमा लागेको छ ।

यस्तै आवश्यक जग्गा खरिद कार्य पनि अन्तिम चरणमा पुगिसकेको आयोजनाले जनाएको छ । आयोजना क्षेत्रभित्र पर्ने सार्वजनिक वनको जग्गा तथा निर्माणमा आवश्यक पर्ने बिस्फोटक पदार्थको प्रयोगका लागि नेपाल सरकारसँग लिनुपर्ने स्वीकृतिको कार्य पनि अघि बढिसकेको छ । आयोजनाले चालू वर्षमा सम्पूर्ण डिजाइन रिपोर्ट तयार पार्ने र सरकारसँग आयोजना निर्माण स्वीकृतिको कार्य सम्पन्न गर्ने लक्ष्य राखेको छ । आगामी वर्षमा सिभिल मेकानिकल, इलेक्ट्रो मेकानिकल तथा प्रसारणलाइन निर्माणको ठेक्काको लागि योग्य ठेकेदारसँग सम्झौता गर्ने लक्ष्य आयोजनाले लिएको छ ।

प्रस्तुति : छविलाल बगाले

श्रोतः कारोबार, २०७२/१२/७

# न्यादीले प्रसारणलाइन बनाउने

*छविलाल बगाले*

मनाङ, ७ चैत – ३० मेगावाट क्षमताको न्यादी जलविद्युत् आयोजनाले प्रसारणलाइन निर्माण गर्ने भएको छ । आयोजनाले १३२ केभी प्रसारणलाइनको निर्माण गर्न लागेको हो ।

कम्पनीले डेढ वर्षभित्रमा प्रसारणलाइन निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ काम अघि बढाएको छ ।

आयोजनास्थल ङादीको दोभानचौरमा सार्वजनिक सुनुवाइ कार्यक्रमको आयोजना गरी प्रवद्र्धक कम्पनीले जनतालाई आयोजना र प्रसारणलाइन निर्माणबारे जानकारी गराएको आयोजनाका प्रोजेक्ट म्यानेजर उत्तम अमात्याले बताए । ठूलीबेँसीमा रहने विद्युत् गृहसम्म ६ किमी लामो प्रसारणलाइन निर्माण गरिनेछ । आयोजनाबाट उत्पादित विद्युत् १३२ केभी प्रसारणलाइनमार्फत नेपाल विद्युत् प्राधिकरणले खुदी गाविसमा प्रस्ताव गरेको १३२ केभी हवमा राष्ट्रिय प्रसारणलाइनमा जोडिनेछ । आयोजनाको निर्माणले न्यादी जल विद्युत्बाट उत्पादित ३० मेगावाट विद्युत् राष्ट्रिय प्रसारणमा जोडिन गई विद्युत् आपूर्तिमा सुधार हुने प्रवद्र्धक कम्पनीले जनाएको छ ।

"विद्युत् प्रसारणलाइन बाहुनडाँडा र खुदी हुँदै जानेछ," प्रोजेक्ट म्यानेजर अमात्यले भने, "प्रसारणलाइन बाहुनडाँडा गाविसको ठूलीबेँसी गाउँबाट सुरु भई बाहुनडाँडाको न्यौपाने फाँट, खुदीको थाकन र टारिकुना हुँदै टुनीखर्क गाउँसम्म पुग्नेछ ।" उनका अनुसार प्रसारणलाइनमा कुल १५ वटा स्टिल टावर राखिनेछ । आयोजना निर्माणका लागि दक्ष र अर्धदक्ष गरी कुल ६० जना कामदार लाग्ने जानकारी उनले बताए ।

न्यादीले बाहुनडाँडा–२ नाइचेनजिकै बाँध बाँधी ४ किमी सुरुङबाट पानी ल्याई सोही गाविस–७ मा विद्युत् गृह निर्माण गर्ने जनाएको छ । भूमिगत सुरुङमार्फत ल्याइएको पानीलाई ३३३.९० मिटर उचाइबाट विद्युत् गृहमा खसाली विद्युत् उत्पादन गरिनेछ । यसका साथै प्रवद्र्धक कम्पनीले ५ मेगावाट क्षमताको सिउरी खोलाको पानीलाई पनि सदुपयोग गर्ने योजना बनाएको छ । यसका लागि भिरपुस्तुनु मुनिको छिपु भन्ने स्थानमा सफ्ट ट्यांकको निर्माण गर्नेछ । आयोजनाका सबै संरचनाहरू भूमिगत हुने भएकाले यो आयोजना वातावरणमैत्री हुने प्रबद्र्धक कम्पनीको दाबी छ ।

आयोजना निर्माण सुरु गर्नुपूर्व विकास पूर्वाधारका काममा बीपीसीले करिब २५ करोड खर्च गरिसकेको जनाएको छ । आयोजनाले मस्र्याङ्दी नदिमा बेलिब्रिज, ८ किलोमीटर सडक निर्माण तथा आवश्यक जग्गा खरिद, लगाएतका काम गरिसकेको छ ।

बुटवल पावर कम्पनी (विपिसी) को बहुमत सेयर रहेको यस आयोजनामा बीपीसीको ९७.६ र लेडकोको २.५ प्रतिशत सेयर लगानी छ । बुट मोडेलमा निर्माण गरिन लागेको यो आयोजनाबाट वार्षिक रूपमा १६८ गिगावाट विद्युत् उत्पादन हुनेछ ।

श्रोतः अन्नपुर्ण पोष्ट, २०७२/१२/७

# प्रधानमन्त्री, चीनसित नमाग !

*विकास थापा*

तत्कालीन जलस्रोत सचिव शंकरप्रसाद कोइरालाले पंक्तिकारलाई मन्त्रालयमा बोलाएर ‘माथिल्लो अरुणमा विश्व बैंकले लगानी गर्ने’ समाचार २०६५ सालमा टिपाएका थिए । अरुण तेस्रोमार्फत नेपालको जलविद्युत्मा विमुख हुँदै आएको विश्व बैंकले बडो पछुतो मान्दै पुनः लगानी गर्ने वचनबद्धता जनाएको थियो । माथिल्लो अरुणमा विश्व बैंकले लगानी गर्ने आशयसम्बन्धी एउट चिठी छ्यास्स के लेखेको थियो, सरकार पूरै त्वं शरणम्को स्थितिमा पुगिहाल्यो ।

जलस्रोत सचिव हुँदै अर्थमन्त्रीबाट समेत कोइराला निवृत्त भइसकेका छन् तर विश्व बैंक माथिल्लो अरुणमा लगानी गर्छु भन्न भने छोड्दैन । नेपालका आकर्षक र आवश्यकता पूर्ति गर्ने विश्वासिला जलविद्युत् आयोजनाहरू यस्तै ‘दाता’ ले अड्काएर राखेका छन् । अरुण तेस्रोमा लगानी गर्ने पैसा नेपालमा छुट्टै ‘ऊर्जा विकास कोष’ (पीडीएफ) मार्पmत लगानी गर्ने विश्व बैंकको सबै कदमले पनि हावा खाएका छन् । बीपीसीले निर्माण गर्न लागेको काबेली ए जलविद्युत्मा यही कोषको रकम ऋण लगानी हुने चर्चा भएकै १० वर्षभन्दा बढी भइसकेको छ । १० मेगावाटभन्दा कमका आयोजनालाई पनि यही कोषबाट ऋण दिने भन्दै विश्व बैंकले गुरुप्रसाद न्यौपानेजस्ता धेरै निजी प्रवद्र्धकलाई बर्षौंसम्म झुलायो । अन्ततः न्यौपानेहरूले स्वदेशी बैंकसित ऋण लिएर धमाधम आयोजनाहरू बनाइरहेका छन्, बत्ती बालिरहेका छन् । विदेशीको लगानीमा आयोजना बनाउन कति पापड पेल्नुपर्छ भन्ने यो एउटा सानो प्रतिनिधिमूलक उदाहरण मात्र हो । चाहे त्यो निजी क्षेत्र होस् या सार्वजनिक, बाह्य स्रोत परिचालन गरेर लोडसेडिङ अन्त्य गर्छु भन्ने सरकारको दाउ छ, त्यो दाउ सपनामा खोले खाएसरह सावित भइसकेको छ ।

प्रधानमन्त्री ओलीको चीन भ्रमणका सन्दर्भमा माथिल्लो अरुण पनि अहिले आएर पुनः चर्चामा आएको छ । नेपाल सरकारले चीन सरकारलाई यो आयोजना बनाइदिन याचना गर्ने भएको छ । चीनले माथिल्लो अरुणमा धेरै अघिदेखि नै आँखा लगाउँदै आएको हो । बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा चिनियाँ कम्पनीहरूले यसको सर्वेक्षण अनुमति पत्र पाउनका लागि धेरै कोसिस गरेका थिए । तर ऊर्जा मन्त्रालयले प्राधिकरण मात्रले बनाउन पाइने, उसका कर्मचारीहरूले सेयर हाल्न नपाउने गरी सर्तसहित प्राधिकरणलाई लाइसेन्स दिने निर्णय गरेको थियो ।

प्राधिकरणका कर्मचारीले सेयर नपाउने भएपछि यो आयोजना अघि बढाउन प्राधिकरणले पनि खासै तत्परता अहिलेसम्म देखाएको छैन । माथिल्लो अरुणमा सरकारकै स्वामित्व रहेको जलविद्युत् लगानी तथा विकास कम्पनीले अघि बढाउन खोज्दा पनि ठूलो विरोध भएकै हो । उक्त लगानी कम्पनीले विप्रेषणबाट आएको पैसाले माथिल्लो अरुण बनाउन सकिने अवधारणा बनाएको छ । अरुण तेस्रोमा

भारतीय सरकारी कम्पनीले आफ्नो गतिविधि बढाउँदै लगेपछि चीन सरकारले माथिल्लो अरुण आपूmले पाउनुपर्ने प्रस्ताव सरकारसमक्ष गर्दै आएको छ । यो आयोजना तिब्बती क्षेत्रबाट नजिक भएकाले आपूmले गर्न पाउनुपर्ने उसको तर्क छ । हिजो पश्चिम सेती पनि रातारात सम्झौता भएको हो ।

तत्कालीन प्राकृतिक स्रोत साधन समितिको निर्देशन उल्लंघन भएकै हो । समितिले पश्चिम सेतीको हकमा २०६४ साउन १ गते 'लगानीकर्तालाई खुला प्रतिस्पर्धा नगराई सम्झौता गरिएकाले आगामी दिनमा यस्ता आयोजनाहरू निर्माण गर्न दिँदा अरुण तेस्रो र माथिल्लो कर्णालीजस्तै खुला प्रतिस्पर्धा गराई मुलुकलाई बढीभन्दा बढी आर्थिक लाभ दिलाउन' सरकारलाई निर्देशन दिएको । निःशुल्क सेयर वा बिजुलीभन्दा पनि आन्तरिक खपत हुने भएकाले कम दरमा पीपीएको एउटा सीमा रेखा कोरिएर दिएको भए राम्रो हुने थियो । आयोजना जति छिटो सम्झौता गर्‍यो, उति नै चाँडो कमिसन आउने लालचले अँध्यारो कोठामा सम्झौता हुन पुगेको हो ।

विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) समेत तयार भइसकेको पश्चिम सेती ऊर्जा मन्त्रालयका एकजना सहसचिव र कमिसन एजेन्टको मिलेमतोमा कन्यादान भयो । स्वदेशमै खपत हुने भएपछि सरकारले न्यूनतम यति पैसामा विद्युत् खरिद सम्झौता (पीपीए) गर्ने भनी सीमा तोकेर दिएको भए पश्चिम सेतीमा विवाद हुने थिएन । त्यो गल्ती त छँदै थियो, त्यसमाथि तत्कालीन व्यवस्थापिका–संसद्को प्राकृतिक स्रोत साधन समितिले २५ प्रतिशत सेयर विद्युत् प्राधिकरणको हुनुपर्ने निर्देशन दिएपछि यो आयोजना त्यत्तिकै अड्किन पुग्यो । लगानी बोर्डले 'ह्यान्डल' गरिरहेको पश्चिम सेतीमा प्राधिकरणको सहभागिता निश्चित गर्न केवल पत्राचार मात्र गर्ने काम हुँदै आएको छ ।

वार्षिक चार अर्ब घाटा र २० अर्ब रुपैयाँभन्दा बढी सञ्चित नोक्सानी भएको प्राधिकरणले पश्चिम सेतीमा २५ प्रतिशत सेयरका हिसाबले हुन आउने १५ अर्ब रुपैयाँ तत्काल लगानी गर्न सक्ने अवस्था छैन । यो रकम पनि चीन सरकारसितै मागेर हाल्ने सरकारी दाउ छ । तर प्राधिकरणलाई कुनै पनि सेयर हाल्न नलगाई विशुद्ध थ्री गर्जेजलाई बनाउन दिने हो भने यो आयोजना अघि बढ्न सक्ने देखिन्छ । प्राधिकरणलाई समावेश गराउनु भनेको पश्चिम सेती बनाउन रोक्नुसरह हो ।

तत्कालीन व्यवस्थापिका–संसद् समितिले अनेक झालझेल गर्दै के गरेमा यो आयोजना अघि बढ्न सक्दैन भन्ने कुनियतका साथ प्राधिकरणलाई जबर्जस्ती सहभागी गराउन खोजिएको हो । पश्चिम सेतीमा उक्त समितिको निर्देशन सच्याई थ्री गर्जेजलाई सहभागी गराए मात्र आयोजना निर्माण सम्भव छ । नत्र २०६८ फागुन १७ गते भएको सम्झौता चार वर्ष बितिसक्दा पनि कुनै प्रगति हुन नसक्नुमा एक मात्र कारण संसदीय समितिको उक्त निर्देशन नै हो । यस्तै प्रक्रियागत जटिलताले नेपालमा जलविद्युत्को द्रूत विकास हुन नसकेको हो ।

आयोजना सम्झौता गर्दैमा निर्माणमा जाने त होइन रहेछ भन्ने पश्चिम सेतीले पनि देखायो । विश्व बैंकले १० वर्षसम्म अड्काएको माथिल्लो अरुण चीनले रातारात बनाइदिन्छ भन्ने विश्वास छैन । प्रधानमन्त्री ओलीले माथिल्लो अरुणको चीनसित सम्झौता गरेछन् भने पनि भोलि हाम्रा संसदीय समितिहरूले यस्तै उट्पट्याङ निर्देशन अवश्य दिनेछन्, जसले आयोजना अघि बढन्बाट रोकिनेछ । जलविद्युत्मा बहुपक्षीय वा द्विपक्षीय ऋण/अनुदान नताकी स्वदेशी पैसाले बनाउने प्रयाससम्म हुन सकेको छैन, यो दुःखद कुरा हो ।

प्रधानमन्त्री, अर्थमन्त्री वा ऊर्जामन्त्रीले विदेशी राजदूत वा विश्व बैंक तथा एडीबीका प्रतिनिधिसितको भेटमा केव्ल आयोजना बनाइदिन वा लगानी गरिदिन् याचना मात्र गर्दै आएका छन् । नेपालमा पैसा छ, नेपाली सक्षम छन् भन्ने विश्वास उनीहरूमा छैन । उदाहरणको लागि २२ मेगावाटको बूढीगंगाको लागि सरकारले कुबेत सरकारसित याचना गरेकै सात वर्ष बितिसकेको छ । उसको सहमति लिादा र उसले भनेका सर्त पूरा गर्नमै बर्षौं लागिरहेको छ । दाताका सर्त पालना गर्दागर्दै हाम्रा माग माथि उक्लिसक्छन् । भारत सरकारले २५० मेगवाटको नौमुरे बनाइदिन्छु भनेर घोषणा गरेकै दस वर्ष बितिसकेको छ ।

नौमुरेको साटो कुनै अर्को आयोजना बनाइदिने भनेको भए अध्ययनसमेत पूरा भएर यतिखेरम्म बिजुलीसमेत आइसक्थ्यो । त्यसैले घोषणा गर्दैमा, एमओयू हुँदैमा आयोजना बन्दैन । आन्तरिक खपत हुने आयोजनाका लागि सरकारले आफ्नै स्रोत परिचालन गर्नुपर्दो रहेछ भन्ने दृष्टान्त त चीनले नै देखाइसकेको छ । चीनको २२ हजार पाँच सय मेगावाटको थ्री गर्जेज्मा विदेशीले लगानी गर्न अस्वीकार गरेपछि आफैले बनाएको थियो । हामीभन्दा तन्नम इथियोपियाले पनि जनताकै पैसा परिचालन गरेर राष्ट्रिय आवश्यकता पूरा गर्ने आयोजना बनाउन सफल भयो ।

विदेशीको भर परेर आयोजना बनाउँछु भन्नु नै मुलुकलाई अन्धकारमा राख्नुसरह रहेको सावित भइसकेको छ । सम्झौता गरिएका आयोजना कार्यान्वयन नहुने देशमा अर्को आयोजनाका लागि सम्झौता हुनु भनेको अड्काउनु हो । कदाचित प्रधानमन्त्री ओलीले माथिल्लो अरुणको कन्यादान गरे भने त्यो पनि अड्कने सम्भावना ज्यादा छ । लाइसेन्स ओगटिने, गर्न खोज्नेले नपाउने प्रवृत्ति दोहोरिने सम्भावना छ । तसर्थ हाम्रा प्रधानमन्त्री भिखारीको भेषमा नजाँदा मुलुकको भविष्य कम्तीमा खराब हुनबाट जोगिन्छ ।

श्रोतः अभियान, २०७२/१२/७

# माथिल्लो तामाकोसीको प्रसारण लाइन निर्माणमा डेढवर्षदेखिको सरकारी अड्चन हट्यो

माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय ग्रीडमा जोेड्नेप्रसारण लाइननिर्माणमा डेढवर्षदेखि अड्चन बन्दै आएको रुख कटान समस्या सुल्झिएको छ ।चैत १ मा बसेको मन्त्रीपरिषद् बैठकले रुख कटान पछि जग्गा प्राप्त गर्न एकवर्षको समयसीमा निर्धारण गरेसँगै डेढबर्षदेखि सामुदायिक वनक्षेत्रमा रहेको रुख कटान सम्वन्धि कानूनी अड्चन सुल्झिएको हो ।

मन्त्री परिषद्को बैठकले २७ ओटा सामुदायिक वन क्षेत्रमा पर्ने ४ हजार ३ सय ४१ ओटा रुख कटान गर्ने सम्वन्धि वन मन्त्रालयको फाइल सदर गरेको हो ।वन विभागसँग तत्काल सम्झौता गरेर प्रसारण लाइनमा पर्ने रुख कटान कार्य तीव्र बनाउनेमाथिल्लो तामाकोशी जलविद्युत् आयोजनाका प्रवक्ता डा. गणेश न्यौपानेलेबताए । कूल १ सय २७ टावरहरुमध्ये सामुदायिक वनक्षेत्रमा पर्ने रुख कटानसम्वन्धी कानूनी अड्चनले ५५ ओटा टावरको निर्माण कार्यमा प्रत्यक्ष समस्या बनाएको थियो । आयोजनाले कटान गरिएका सामुदायिक वनक्षेत्रमा करीब ५५ हजार वृक्षारोपण गर्ने कार्यलाई समेत सँगसँगै लैजाने जनाएको छ ।

२३ ओटा टावर पूर्णरुपमा निर्माण भइसकेको प्रसारण लाइन अन्त्तगत ६९ टावरको जग खन्ने कार्य भइरहेको छ भने फलामे रड, बालुवा र सिमेन्ट निर्माणस्थल पु¥याइएको प्रवक्ता डा. न्यौपानेले जनाए । आयोजनाको लट–४ अन्त्तगत गोंगरखोलादेखि खिम्तीसम्मको ४७ किलोमिटर लम्बाइ रहेको प्रवक्ता डा. न्यौपानेले जानकारी दिए । विनासकारी भुकम्पलेलामाबगर गाविसको काब्रे भीरस्थित प्रवेशमार्ग क्षतविक्षत बनाए पछि धसिएको बाँध मर्मत तथा निर्माण लगायत सुरुङ तथा विद्युत गृह निर्माणमा समेत समस्या सिर्जना भएको छ

आयोजनाले उत्पादन गर्ने विद्युत प्रसारणको लागि २२०केभी डबल सर्किटप्रसारण लाइनको भारतीय कम्पनी केइसी इन्टरनेशनल लिमिटेडद्वारानिर्माण हुँदै आएको छ ।प्रसारण लाइनका लागि केइसीले अमेरिकी डलर १ करोड ७९ लाख ४ हजार ८ सय ७२ तथारू.२५ करोड २५ लाख ५९ हजार ५ सय २० गरी दुइओटा मूल्यमा निर्माण सम्झौता गरेको थियो ।

श्रोतः नागरीक, २०७२/१२/७

# राहुघाटका 'राहुहरू'

*लक्ष्मण वियोगी*

भारतले १२ वर्षअघि अनुदानमा हुलाकी राजमार्ग बनाइदिने सपना बाँड्यो। तर, बनाउनु त परै जाओस् बीचमै अलपत्र छोडेर नेपालतिरै पन्छायो। अनावश्यक सर्त तेर्स्याएर पनि पन्छाएको काम गर्न दिएको छैन। भारतजस्ता दातानिर्भर पूर्वाधार आयोजना सर्त र स्वार्थको सिकार बनेको यो एउटामात्र नमूना होइन। अरू धेरै घटना छन्। भारतले अहिले यही प्रवृत्ति राहुघाट जलविद्युत् आयोजना निर्माणमा दोहोर्‍याउन खोजेको छ।
प्राविधिक र आर्थिक दृष्टिले सस्ता आयोजना विदेशी कम्पनीलाई सुम्पिने परिपाटीले पनि यस्ता खेल हुने गरेका छन्। विदेशी र स्वदेशी निजी कम्पनी वा अन्य निकायले बनाउने नसक्ने 'भालुको कम्पट' आयोजना सरकारले अघि सार्छ। भनौँ– आयोजना निर्माणको अधिकार पाएको विद्युत् प्राधिकरणलाई भिडाइन्छ। सरकार, राजनीतिक दल र त्यहीँकै कर्मचारीको स्वार्थपूर्ति हुने हुँदा यस्ता आयोजना बनाउन प्राधिकरण कस्सिन्छ।

गलत छनोटकै कारण काम सुरु गरे पनि आयोजना नबन्ने संस्कार फस्टाएको छ। दार्चुलामा बन्दै गरेको ३० मेगावाट चमेलिया, १४ मेगावाट कुलेखानी तेस्रो, ६० मेगावट माथिल्लो त्रिशूली–३ 'ए' र ३२ मेगावाट राहुघाट थला परेका छन्। यी तिनै आयोजना हुन्, जुन राजनीतिक दल, दलाल, कमिसनखोर र प्राधिकरणकै कर्मचारीको स्वार्थ पूरा गर्न छानिए। हरेकको लागत सुरुभन्दा दोब्बर भइसक्यो। तर, पूरा हुने टुंगो छैन।

चमेलिया, कुलेखानी र त्रिशूलीमा देखिनेगरी केही काम नभएको होइन। तर, तिनले कर्मचारी पाल्ने, स्थानीय राजनीतिक दललाई चन्दा बाँड्ने र केन्द्रका नेता रिझाउनमा बढी जोड दिएका छन्। प्राधिकरणको ढुकुटी रित्याउनुमा तिनको पनि मुख्य भूमिका छ। राहुघाट यीभन्दा महा 'राहु'भएर उदायो। प्राधिकरणमात्र होइन यसले मुलुकै टाट पल्टाउने खिम्ती–भोटेकोसीको रूप लिँदैछ।

सन् १९९८ मै यसको सम्भाव्यता अध्ययन भएको थियो। भौगोलिक, आर्थिक, प्राविधिक र व्यापारिक कुनै दृष्टिले पनि सम्भाव्य नदेखिएको आयोजनाको निर्माण प्राधिकरणको काँधमा थोपरियो। थप अध्ययनको नाममा पटकपटक डिजाइन परिवर्तन गरेर क्षमता २७ बाट ३२ मेगावाट पुर्‍याइयो। जतिपटक अध्ययन गर्दा पनि कमजोर भौगोलिक कारणले आयोजना सम्भाव्य थिएन।

अध्ययनले बनाउनै नहुने किटान गर्दागर्दै जबर्जस्ती अघि बढाउनुले त्यतिबेलै आयोजना भ्रष्ट्राचारको अखडा बनेको पुष्टि हुन्छ। तत्कालीन सरकार, दलाल र कर्मचारीको स्वार्थ पूरा गर्न भारतीय एक्जिम बैंकले सहुलियत ऋणको पासा फ्याँक्यो। सरकारले पैसा हाल्नैनपर्ने भएपछि दलालहरू दाउ मार्न अझ बढी सल्बलाए।

प्राधिकरणले २०६५ माघमा यसको लागत करिब ९ करोड ३० लाख अमेरिकी डलर अनुमान गर्‍योत। भारतले यो रकम सहुलियत ऋणमा दिन तयार भयो। यही रकमको आधारमा सिभिल निर्माण गर्न २०६७ कात्तिक १८ मा भारतीय आइभीआरसीएल कम्पनीसँग ठेक्का सम्झौता पनि भयो। जलविद्युत् होस् वा सडक हरेक आयोजनामा सिभिल ठेक्का गर्नुअघि परामर्शदाता चयन हुनुपर्छ। यो खरिद प्रक्रियाको मापदण्ड नै हो। भ्रष्टाचारको बीउ रोप्नकै लागि यसमा परामर्शदाता नछानी सोझै सिभिल ठेक्का गरियो। सिभिल ठेक्का भएको लामो समयसम्म एक्जिम बैंकले

परामर्शदाता छनोट स्वीकृत दिएन। बैंकका सर्त, भारतीय दूतावासको ढिलाइ र दलालका तिक्डमका कारण काम सुरु नहुँदै आयोजना रुग्ण बन्यो। भारतकै पैसा, परामर्शदाता र ठेकेदार छनोट गर्नुपर्ने भए पनि उसले लामो समय 'टाङ' अड्काएर बस्यो। यता सिभिल ठेकेदार कमिसनको जाल थापेर बस्यो।

सिभिल ठेक्का भएको १ वर्षपछि (२०६८ फागुन ४) मात्र परामर्शदाता छानियो। एक वर्ष काम गर्न नपाएको बहानामा ठेकेदारले प्राधिकरणसँग क्षतिपूर्ति माग्यो। आयोजनास्थलमा उपकरण उभ्याएकै आधारमा उसले करिब ६० करोड रुपैयाँ अग्रिम भुक्तानी पायो। यही भुक्तानी दिँदा दलाल र प्राधिकरण उच्च अधिकारीले गतिलै दाउ मारे र यस्तो क्रियालाई निरन्तरता दिए।

झन्डै चार वर्षसम्म ठेकेदारले १० प्रतिशत पनि काम गरेन। कामै नगरी पटकपटक अग्रिम भुक्तानी मागिरह्यो। पैसामात्र माग्न थालेपछि प्राधिकरण आजित भयो। दाउ मार्ने कर्मचारीले पनि बिनाकाम भुक्तानी दिन संकोच माने। कामै नगरी पैसामात्र भर्नुपर्ने भएपछि प्राधिकरणले गत जेठ २८ मा ऊसँगको ठेक्का तोड्यो। ठेक्का तोडेपछि तत्काल नयाँ प्रक्रिया थालेर काम अघि बढाउनुपर्थ्यो। तर, यसमा अहिले प्राधिकरण नै बाधक बनेको छ। पुनः आयोजनाको 'रिडिजाइन' गरी अहिले क्षमता ४० मेगावाट पुर्या इएको छ। अब यो बनाउने–नबनाउने भन्नेमा प्राधिकरण कर्मचारी आपसमा कुस्ती खेल्दैछन्।

३२ मेगावाट बनाउन नहुने भन्दै आयोजना व्यवस्थापनले सहायक कम्पनीबाट बनाउन सकिने सुझाव दिएको छ। तर, भारतको लगानी हुने हुँदा उसैले खोचे थापेर ३२ मेगावाटमै आयोजना बनाउन दबाब दिएको छ। प्राधिकरण उच्च अधिकारी यही निहुँमा ४० मेगावाट बनाउने फाइल च्यापेर बसेका छन्। यसो गर्दा भारतको आज्ञा शिरोपर हुने र आफ्नो स्वार्थको भाँडो पनि भरिने अवस्था छ।

भारतको दबाबमा व्यवस्थापनले फाइल अड्काउँदा सञ्चालक, ट्रेड युनियन कर्मचारी, दलाल र राजनीतिक दलका आसेपासे खेल्ने चौर फराकिलो भएको छ। ती कसरी हुन्छ भारतले दिनेमध्ये आधा रकम कुम्ल्याउन पाइन्छ भन्नेमै छन्। 'भैँसीले पाडो पाओस् कि पाडी, भतुवालाई बिगौती' भनेझैँ ३२ वा ४० मेगावाट जुन बने पनि तिनको धन्दा सक्दो लुट्ने हो। तर, यो कमिसन खेल र दलाल रजाइँसँग प्राधिकरणको कुनै साइनो छैन। व्यवस्थापन लुट्ने, लुटाउने र संस्था ध्वस्त पार्ने खेलमा मखलेल छ। उता भारत पैसा दिने नाममा गलत र सही छुट्याइदिने 'रेफ्री' बनेको छ।

ठूला आयोजना बनाउनबाट बञ्चित गरी खुद्रेमै अल्झाएर नेपाललाई अँध्यारोमा धकेल्ने भारतको इच्छा यतैकाले पूरा गर्दैछन्। कुरो बुझेर बुझपचाउने स्वाँठको संख्या झन बढ्दैछ। सरकार ठूला आयोजना निर्माण परिकल्पना गर्दैछ। तर, जाबो ३२ मेगावाट च्यापेर उज्यालो मुलुक देखाउने सपनाको ओथारो बसेको छ। प्राधिकरणलाई खुद्रे आयोजना भिडाएर संरचना ध्वस्त पार्ने र सिंगो कर्मचारी भ्रष्ट बन्न उक्साउने धन्दा सरकारले नै चलाएको छ।

आयोजना मुलुक र जनताका लागि हो भने ३२ वा ४० मेगावाट जुन क्षमतामा भए पनि तुरुन्त निर्माण प्रक्रिया थाल्नुपर्योक। व्यवस्थापनले फाइल च्यापेर कमिसनको गौँडो ढुक्ने होइन। भारतीय दूतावास र एक्जिम बैंकसँग परामर्श गरी समस्याको गाँठो फुकाउनुपर्यो े। कमिसनमै कुस्ती खेल्ने हो भने तत्काल खारेज गरेर गतिलो जलाशय

आयोजना बनाउन लाग्नुपर्योो। खुद्रे आयोजना च्याप्ने, कमिसन ढुक्ने र यसैमा रमाउने प्रवृत्ति रहँदासम्म 'राहुहरू'को अन्त्य हुँदैन। न जलविद्युत् विकास गरेर उज्यालो मुलुकको कल्पना नै पूरा हुन्छ!

श्रोतः कारोबार, २०७२/१२/८

# माथिल्लो तामाकोसीलाई सर्तसहित प्रसारण लाइन निर्माणको बाटो खुल्यो

*दिलबहादुर केसी*

दोलखा, ८ चैत। माथिल्लो तामाकोसी जलविद्युत आयोजनाले सर्त सहित प्रसारण लाइन निर्माणका लागि रुख कटानपछि जग्गाप्राप्तिको अनुमति पाएको छ। सरकारकै सबैभन्दा बढी लगानी रहेको राष्ट्रिय गौरवको आयोजनालाई एक वर्ष भित्र सरकारलाई सट्टा जग्गा व्यवस्थागर्ने गरी प्रसारण लाइन निर्माणको अनुमति दिएको हो।

सरकारले अनुमति दिएसँगै प्रसारण लाइनको काम तिब्र हुने भएको छ। वन विभाग र निकुन्ज तथा आरक्षण विभागले तामाकोसीलाई २ वर्षदेखि प्रसारण लाइन निर्माणमा अवरोध गर्दै आएका थिए। वनमन्त्रालयको सिफारिसमा मन्त्रिपरिषद् बैठक (चैत१)ले एक वर्षभित्र आयोजनाले ओगटेको जग्गा व्यवस्थागर्ने गरी काम गर्न अनुमति दिने निर्णय गरेको हो।

माथिल्लो तामाकोसी जलविद्युत आयोजना वातावरण विभाग प्रमुख तथा प्रवक्ता डा. गणेश न्यौपानेले रुख कटान आदेशसँगै प्रसारण लाइन निर्माणले थप गति दिने बताए। प्रसारण लाइन निर्माणका लागि २७ वटा सामुदायिक वनको ४ हजार ३ सय ४१ वटा रुख काट्नु पर्नेछ।

क्याविनेटको पछिल्लो निर्णय अनुसार वन क्षेत्रको रुख काटेर प्रसारण लाइनको काम अघि बढाए तापनि एक वर्षभित्र टावरले ओगट्ने ३७ रोपनी जग्गा व्यक्तिसँग किनेर सरकारलाई पास गरिदिनु पर्छ। आयोजनाले २ वर्ष अघि नै वनसँगरुख काट्ने अनुमतिमाग गरे तापनि ३महिना अघि (पुस २१) को क्याविनेट बैठकले जग्गा व्यवस्थापन गरेर मात्र रुख काट्ने अनुमति दिएको थियो। आयोजनाले पहिला जग्गा व्यवस्थापन गरेर रुख काट्दा ढिला हुने भन्दै आयोजनाले यो सर्त पूरा गर्न नसकिने बताउँदै आएको थियो।

गोंगरदेखि खिम्तीसम्म ४७किलोमिटरमा १ सय २७ओटा टावरहरु निर्माण गर्नु पर्छ। वन क्षेत्रमा ५५ वटा टावर निर्माण गर्नुपर्छ। आयोजना स्थल गोगरदेखि सिंगटीसम्म गौरीशंकर संरक्षण क्षेत्र भित्र र सिंगटीदेखि खिम्तीसम्म वनविभागको वन क्षेत्र पर्छ। २ वर्षदेखि सरकारी वन क्षेत्र बाहेकका ठाउँमा मात्र प्रसारण लाइनको टावर निर्माणको कामगर्दै आएको छ।

सरकारले ऊर्जा संकट निवारण गरी १० वर्षमा १० हजार मेगावाट जलविद्युत उत्पादन गर्ने गरी ल्याएको ऊर्जा संकटकाललाई सरकारी निकायले नै यसरी लत्याउँदै आएका छन्। "सरकारी आयोजनामा त सरकारी निकायले नै जग्गा र वनलगायतका समस्यामापार्ने गरेका छन् भने निजी क्षेत्रको हालत के होला?" एक जनाजलविद्युत प्रबद्र्धकले भने। सरकार लोडसेडिङ भयो भन्छ तर आयोजनामा अबरोध सरकारले नै गर्ने गरेको उनले बताए।

आयोजनाको लट–४ अन्तगत पर्ने विद्युत प्रसारणको लागि २२० केभीको प्रसारण लाइन भारतीय कम्पनी केइसी इन्टरनेशनल लिमिटेडले निर्माण गरिरहेको छ। केइसीले टावर निर्माणका लागिजग्गाउपलब्ध गराउनकालागि २ वर्षदेखि नै आयोजनासँग मागगर्दै आएको छ। तर आयोजनाले वनको अनुमति नपाउँदा केइसीलाई जग्गा उपलब्ध गराउन सकेको छैन।

विनासकारी भुकम्पपछि आयोजनाको अन्यकाम पूर्ण रुपमा सुचारु हुननसके तापनि प्रसारण लाइनको काम केहीमहिना रोकिएपछि सुचारु छ। आयोजना र केइसी बीचको र १ करोड ७९ लाख ४ हजार ८ सय ७२ अमेरिकी डलर र २५ करोड २५ लाख ५९ हजार ५ सय रुपैयामा पूरा गर्ने सम्झौता छ।

श्रोतः अभियान, २०७२/१२/८

# 'कृषि र ऊर्जामा बैङ्क ऋण सहज होस्'

*किसानलाई कृषि कर्जाबारे जानकारी नहुँदा कार्यक्रम प्रभावहीन*

कृषि र ऊर्जाक्षेत्रमा तराईका जिल्लामा सञ्चालित बैङ्कले सहज रूपमा ऋण उपलब्ध गराउनुपर्नेमा सरोकारवालाले जोड दिएका छन् । बैङ्कहरूले उद्योग, कलकारखाना र व्यवसायीलाई मात्र प्राथमिकतामा राखेर कर्जा प्रवाह गर्दा मुलुकको विकास पछाडि परेको उनीहरूको भनाइ छ ।

जनकपुरमा आइतवार नेपाल राष्ट्र बैङ्कअन्तर्गत अनुसन्धान विभागले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा राष्ट्र बैङ्कका अनुसन्धान निर्देशक डा गुणाकर भट्टले लक्ष्यबमोजिम कृषिक्षेत्रमा लगानी हुन नसकेको बताए । किसानको आवश्यकताअनुसार ऋण प्रवाह प्रभावकारी बनाउन विभिन्न वाणिज्य बैङ्कका प्रमुखहरूलाई उनले सुझाए । राष्ट्र बैङ्कले कुल लगानीको २० प्रतिशत कर्जा कृषिमा लगानी गर्ने प्रावधान गरे पनि निजी बैङ्कहरू उद्योग तथा व्यवसायीमुखी हुँदा कृषिक्षेत्रमा १६ प्रतिशत मात्र ऋण लगानी भएको उनले टिप्पणी गरे । कृषिक्षेत्रमा बैङ्कको लगानी बढे मात्र मुलुकको मुद्रास्फीति नियन्त्रण गर्न सकिने उनको भनाइ छ ।

कार्यक्रममा सहभागी अर्थविद्हरूले सिँचाइ सञ्जाल, बजार व्यवस्थापन, हुलाकी राजमार्ग निर्माण र रेमिट्यान्सको रकम उत्पादनशील क्षेत्रमा लगाउनुपर्नेमा जोड दिएका थिए । साथै, लगानी तथा सुलभ रूपमा कृषिक्षेत्रमा किसानले ऋण नपाएसम्म यस क्षेत्रबाट ठूलो अपेक्षा राख्न नहुने उनीहरूको भनाइ थियो । नेपाल राष्ट्र बैङ्कले १ प्रतिशत ब्याजमा वाणिज्य बैङ्कहरूलाई रकम उपलब्ध गराएर ४ देखि ६ प्रतिशत ब्याजमा कृषिक्षेत्रमा लगानी गर्ने व्यवस्था गरेको छ । तर, कृषिक्षेत्रमा लगानी गर्ने वाणिज्य बैङ्कको अवस्था सन्तोषजनक नरहेको राष्ट्र बैङ्कका सहायक निर्देशक मनोज पोखरेलले बताए । १६ प्रतिशत मात्रै कृषिक्षेत्रमा लगानी गरिएको र त्यो पनि पहुँचका आधारमा मात्रै वितरण भएको हुन सक्ने उनको अनुमान छ ।

करीब २ दर्जनभन्दा बढी वित्तीय संस्थाका प्रमुख सहभागी रहेको उक्त अन्तरक्रिया कार्यक्रमका सहभागीहरूले कृषिक्षेत्रमा लगानी गर्न तयार रहे पनि किसानमा लगानीबारेको जानकारी नै नपुगेको गुनासो गरे ।

**लगानी बढाउन संयन्त्र गठन**

नेपाल राष्ट्र बैङ्कले कृषिक्षेत्रमा बैङ्किङ लगानी प्रभावकारी बनाउन क्षेत्रीयस्तरको वित्तीय क्षेत्र समन्वय संयन्त्र निर्माण गरेको छ । तराईका बैङ्कले उद्योग, कलकारखाना तथा व्यवसायीलाई मात्र प्राथमिकतामा राखेर कर्जा प्रवाह गर्न थालेपछि नेपाल राष्ट्र बैङ्कले कृषिक्षेत्रमा बैङ्कको लगानी बढाउन संयन्त्र गठन गरेको हो । संयन्त्रलाई प्रत्येक २÷२ महीनामा कृषिक्षेत्रमा लगानीको अवस्था, समस्या र रणनीति तयार गर्ने 'म्याण्डेट' दिइएको छ । संयन्त्रमा नेपाल राष्ट्र बैङ्क, जनकपुरका निर्देशक मुकुन्द महत, नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वकेन्द्रीय सदस्य निर्मल चौधरी, सहयोगी विकास बैङ्कका प्रमुख कार्यकारी रजनीश सिंह, रामसेवक महतो, दिनेशकुमार साह, पुण्यप्रसाद उपाध्यायलगायत छन् ।

श्रोतः अभियान, २०७२/१२/८

# माथिल्लो तामाकोशीको प्रसारण लाइन निर्माण : सुल्झियो रूख कटान समस्या

माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय ग्रीडमा जोड्ने प्रसारण लाइन निर्माणमा डेढ वर्षदेखि अड्चन बन्दै आएको रूख कटान समस्या सुल्झिएको छ । चैत १ गते बसेको मन्त्रिपरिषद् बैठकले रूख कटानपछि जग्गा प्राप्त गर्न १ वर्षको समयसीमा निर्धारण गरेसँगै सामुदायिक वनक्षेत्रमा रहेको रूख कटानसम्बन्धी कानूनी अड्चन सुल्झिएको हो । मन्त्रिपरिषद्को बैठकले २७ ओटा सामुदायिक वनक्षेत्रमा पर्ने ४ हजार ३ सय ४१ ओटा रूख कटान गर्नेसम्बन्धी वन मन्त्रालयको फाइल सदर गरेको हो ।

वन विभागसँग तत्काल सम्झौता गरेर प्रसारण लाइनमा पर्ने रूख कटान कार्य तीव्र बनाउने माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाका प्रवक्ता डा. गणेश न्यौपानेले जानकारी दिए । कुल १ सय २७ टावरमध्ये सामुदायिक वनक्षेत्रमा पर्ने रूख कटानसम्बन्धी कानूनी अड्चनले ५५ ओटा टावरको निर्माण गर्न समस्या भएको थियो । रूख कटान गरिएका सामुदायिक वनक्षेत्रमा करीब ५५ हजार वृक्षरोपण गर्ने कार्यलाई समेत आयोजनाले सँगसँगै लैजाने बताएको छ ।

कुल टावरमध्ये २३ ओटाको निर्माण पूर्ण भइसकेको छ भने ६९ ओटा टावरको जग खन्ने काम भइरहेको छ । टावर निर्माणका लागि आवश्यक फलामे रड, बालुवा र सिमेण्ट निर्माणस्थल पु¥याइएको प्रवक्ता डा. न्यौपानेले जानकारी दिए । आयोजनाको लट–४ अन्तर्गत गोंगरखोलादेखि खिम्तीसम्मको लम्बाइ ४७ किलोमिटर छ । विनाशकारी भूकम्पले लामाबगर गाविसको काब्रे भीरस्थित प्रवेशमार्ग भत्काएपछि धसिएको बाँध मर्मत तथा निर्माणलगायत सुरुङ तथा विद्युत्गृह निर्माणमा समेत समस्या सृजना भएको छ ।

आयोजनाले उत्पादन गर्ने विद्युत् प्रसारणका लागि २२० केभी डबल सर्किट प्रसारण लाइनको भारतीय कम्पनी केईसी इण्टरनेशनल लिमिटेडद्वारा निर्माण हुँदै आएको छ । प्रसारण लाइनका लागि केईसीले अमेरिकी डलर १ करोड ७९ लाख ४ हजार ८ सय ७२ तथा रू. २५ करोड २५ लाख ५९ हजार ५ सय २० गरी दुईओटा मूल्यमा निर्माण सम्झौता गरेको थियो ।

श्रोतः राजधानी दैनिक, २०७२/१२/९

# भोटेकोसीको पानीमाथिबाट पर्यटन संसद् घोषणा

साहसिक पर्यटकीय गन्तव्यस्थल सिन्धुपाल्चोकको भोटेकोसी नदीको पानीमाथिबाट पर्यटन संसद्को औपचारिक घोषणा भएको छ । विश्व पानी दिवस एवं होलीको अवसरमा सञ्चारकर्मीलाई मनोरञ्जन दिने उद्देश्यले राष्ट्रिय पर्यटन पत्रकार संघ(नाटोज)द्वारा आयोजित भोटेकोसीको ¥याफ्टिङ (जलयात्रा) कार्यक्रममा नेकपा एमाले पर्यटन विभाग प्रमुख सूर्य थापा र नाटोजका अध्यक्ष शिव अधिकारीले संयुक्त रूपमा पर्यटन संसद्को घोषणा गरेका हुन् । पर्यटन संसद्बाट अब देशैभरका पर्यटन क्षेत्रसँग सम्बन्धित विभिन्न संघ–संस्थालाई एकीकृत गरी मुलुकको पर्यटन प्रवद्र्धन गरिनेछ ।

संसद् घोषणा सभामा नेकपा एमाले पर्यटन विभाग प्रमुख सूर्य थापाले यस संसद्मा उठाइने विभिन्न एजेन्डामा हुने छलफल एवं बहसबाटै अब देशको पर्यटन क्षेत्रमा भएका समस्या समाधान हुने अपेक्षा गरिएको बताए । उनले बिल्कुलै नयाँ अवधारणाका साथ घोषणा भएको यस पर्यटन संसद्ले पर्यटन व्यवसायीलाई एकजुट गराई पर्यटन क्षेत्रको विकासमा निकै उदारणीय काम गर्न सक्षम हुने अपेक्षा गरिएको बताए ।

नाटोजका अध्यक्ष शिव अधिकारीले मुलुकभरका पर्यटन पत्रकारको साझा संस्था नाटोजले पर्यटन क्षेत्रमा केही नयाँ काम गरेर देखाउनका लागि यस्तो अवधारणा सार्वजनिक गरेको बताए । उनले भोटेकोसी नदीको सुकुटे स्थित नदीमा ढुंगामाथि बसेको नाटोज केन्द्रीय कार्यसमितिको बैठकबाट पर्यटन संसद् घोषणा गर्ने निर्णयसमेत पारित भएको बताए । सो कार्यक्रममा पर्यटन पत्रकार मात्र नभएर विभिन्न राष्ट्रिय सञ्चारमाध्यमका करिब ४ दर्जन पत्रकार एवं व्यवसायी र टुरिस्ट गाइडको सहभागिता रहेको थियो । पहिलोपटक भएको यस कार्यक्रममा पत्रकारले भोटेकेसी नदीको साहसिक जलयात्रामा निकै मनोरञ्जन लिएका थिए ।

पर्यटन संसद् अहिले हाम्रा लागि बिल्कुलै नयाँ अवधारणा हो भन्दै उनले पर्यटन क्षेत्रका विभिन्न विधाहरूको एउटा समग्र रूप नै पर्यटन संसद् भएको बताए । मुलुकको पर्यटन प्रवद्र्धन र विकासका निम्ति एक जुट भएर जुट्नुपर्नेमा अहिले पर्यटन व्यवसायीहरु विभिन्न विचार सिद्धान्तको आधारमा छिन्नभिन्न भएको अवस्थालाई मध्यनजर गर्दै उनले नाटोजले घोषणा गरेको पर्यटन संसद् समग्र पर्यटन उद्योगलाई थम माथि उठाई पर्यटनका विविध समस्या समाधानका लागि सबैको आवाज एकमुष्ट बुलन्द पार्ने सर्वोत्कृष्ट माध्यम हुने दावी गरे ।

अध्यक्ष अधिकारीका अनुसार पर्यटन संसद्को संरचनागत स्वरूप अहिले हामीले देखेभोगेको मुलुकको संसद् जस्तै हुन्छ । जहाँ सांसद हुन्छन् । पर्यटन संसद् हरेक पर्यटकीय संघसंस्थाका तर्फबाट कम्तीमा पाँचजना प्रतिनिधिलाई प्रतिनिधित्व गराई बढीमा १ सय ११ सदस्यीय बनाइनेछ । यसको छुट्टै कार्यविधि र आचारसंहिता बनाइनेछ । यसैगरी संसद् कक्षको एउटा रूप तयार गरिनेछ र तिनै सांसदले देशको पर्यटन क्षेत्रमा आइपरेका समस्यामाथि संसद्भित्र छलफल गरी समाधानका लागि तत्काल समाधान गर्ने र नसकिने अवस्थामा सम्बधित निकाय तथा सरकारलाई सुसूचित गर्दै दबाब दिने काम गर्दछ । यसको सभामुख चक्रीय प्रणालीमा हुनेछ भने कार्यक्रमको संयोजनको भूमिका नाटोजले गर्ने छ । जसबाट समग्र पर्यटन व्यवसायीमा थप भावनात्मक एकता कायम गर्न मद्दत मिल्ने, पर्यटन क्षेत्रको समस्यालाई व्यावहारिक र वैज्ञानिक रूपमा दीर्घकालीन समाधान गरिनुका साथै पर्यटन पत्रकारलाई सकेसम्म उपयोग गरी विशेष समाचारको स्रोत बनाइने छ । यस कार्यक्रमका लागि सुकुटे विज रिसोर्ट्, गोर्खा रिसोर्ट, टुर्गानका उपाध्यक्ष भाइकृष्ण खड्का र महासचिव हेमविक्रम शाहीले सहयोग गरेको नाटोजले जनाएको छ ।

यसैबीच, सोमबार सम्पन्न नाटोजको केन्द्रीय प्रतिनिधि सहभागी सो कार्यक्रममा काभ्रेको धुलिखेलमा नाटोज काभ्रे शाखा विस्तार भएको छ । सो शाखाको अध्यक्ष कपिलदेव कोइराला, उपाध्यक्षमा राजाराम गौतम, सचिवमा सरोज अधिकारी र कोषाध्यक्षमा जीवन पराजुली रहेका छन् ।

श्रोतः अन्नपुर्ण पोष्ट, २०७२/१२/१०

## चार सय ३४ मेगावाटको माथिल्लो अरुण चीनले बनाउने

चार सय ३४ सय मेगावाट क्षमताको माथिल्लो अरुण जलविद्‌युत परियोजना चीनले बनाइदिने भएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणका क्रममा दुई देशबीच बुधबार भएको १५ बुँदे संयुक्त विज्ञप्तीमा माथिल्लो अरुण बनाइदिन चीन सहमत भएको हो ।

ओलीको भ्रमणका क्रममा भएको वार्तामा संखुवासभा जिल्लामा पर्ने यो परियोजना निर्माणको प्रस्ताव गरिएको थियो ।

चिनियाँ लगानीमा चार सय ३४ मेगावाटको माथिल्लो अरुण परियोजना अगाडि बनाउन दुबै देश सहमत भएका छन् ।

सन् १९९ मै सम्भाव्यता अध्ययन पुरा भइसकेको यो आयोजनालाई अन्ततः चीनसँग निर्माण तथा लगानीको सहमति जुटाउन सरकार सफल भएको हो ।

श्रोतः कान्तिपुर, २०७२/१२/१०

# माथिल्लो कर्णाली जलविद्युत् आयोजनामा १ खर्ब जुट्दै

चैत्र १०, २०७२- माथिल्लो कर्णाली जलविद्युत् आयोजनामा बहुराष्ट्रिय वित्तीय संस्थाले एक खर्ब बराबरको लगानी गर्ने भएका छन् ।

अन्तर्राष्ट्रिय वित्त निगम (आईएफसी) को संयोजनमा एसियाली विकास बैंक (एडीबी) र युरोपियन इन्भेस्टमेन्टले १ खर्ब ३९ अर्ब रुपैयाँ लागतको माथिल्लो कर्णालीमा लगानी गर्न चासो देखाएका हुन् । आयोजनाको कुल लागत १ खर्ब ३९ अर्ब आकलन गरिएको छ ।

लगानी र प्रतिफलको सम्भावना बुझ्न यी निकायका प्रतिनिधि अप्रिल पहिलो साता नेपाल आउँदैछन् । 'उनीहरूले चासो देखाएका छन्,' लगानी बोर्ड स्रोतले भन्यो, 'अप्रिलको छलफलपछि धेरै विषय टुंगो लाग्नेछ ।'

९ सय मेगावाट क्षमताको माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको व्यवस्थापन लगानी बोर्डले गरिरहेको छ । लगानी बोर्डले ५ सय मेगावाटभन्दा बढी क्षमताको आयोजनाको व्यवस्थापन गर्छ । आयोजनाको मुख्य लगानीकर्ता भने भारतीय कम्पनी जीएमआर हो ।

जीएमआरले ऋण र इक्युटी लगानीका लागि साझेदार खोजिरहेको थियो । जसमध्ये आईएफसी १० प्रतिशतको इक्युटी साझेदार बन्न यसअघि नै सहमत भइसकेको छ । आईएफसी विश्व बैंक समूहअन्तर्गतको निजी क्षेत्रमा सिधै लगानी गर्ने निकाय हो । उसैले थप लगानीकर्ता जुटाउने पहल गरेको हो ।

नयाँ आउने लगानीकर्ताले ऋण वा इक्युटी कुन वा कस्तो तहमा लगानी गर्ने भन्ने अझै तय भइनसकेको लगानी बोर्ड स्रोतले बतायो । 'कुन प्रतिशतमा ऋण र इक्युटीको लगानी हुनेछ भन्ने कुरा पनि त्यही छलफलमा टुंगो लाग्नेछ,' स्रोतले भन्यो । एडीबी मुलुकको दास्रो ठूलो विकास साझेदार संस्था हो । एडीबीले सामाजिक क्षेत्रसँगै पछिल्लो समय ठूला पूर्वाधारमा लगानी बढाइरहेको छ ।

यो आयोजनाबाट उत्पादित बिजुली भारत निकासी हुने गरी बनाउन खोजिएको हो । उक्त जलविद्युत् आयोजना सुर्खेत, अछाम र दैलेखमा पर्छ । भारतमा निर्यात गर्ने उद्देश्यले सन् २००८ मा जीएमआरले निर्माण गर्न सरकारसँग सम्झौता भएको थियो । त्यही समझदारीमा नै आयोजनाले २७ प्रतिशत नि:शुल्क सेयर र १२ प्रतिशत विद्युत् सरकारलाई दिनेछ । जसअनुसार १ सय ८ मेगावाट विद्युत् नि:शुल्क पाइने छ । उक्त आयोजनामा मात्रै २ हजार जनाले रोजगारी पाउने आकलन गरिएको छ ।

यससँगै आयोजनासित २०७१ असोजमा आयोजना विकास सम्झौता (पीडीए) पनि भइसकेको छ । पीडीएअनुसार आयोजनाबाट सरकारलाई ४ खर्ब आम्दानी हुने दाबी गरिएको छ । निर्माणपछिको २५ वर्षमा पाउने नि:शुल्क विद्युत्, आय कर, रोयल्टी र इक्युटीबाट झन्डै ४ खर्ब रुपैयाँ सरकारलाई आम्दानी हुने बोर्डको भनाइ हो ।

पीडीए भएको २ वर्षभित्र जीएमआरले वित्तीय स्रोत (फाइनान्सियल क्लोजर) गरिसक्नुपर्ने सहमति भएको छ । अप्रिलमा आउने बहुराष्ट्रिय वित्तीय संस्थाहरूसँग सम्झौता हुन सके आयोजनाको काम अगाडि बढ्ने छ ।

पीडीए भएको २ वर्षभित्र स्रोत जुटाउन नसके कम्पनीलाई जरिवाना हुने प्रावधान पीडीएमा छ । त्यसको ५ वर्षपछि उत्पादन नगरे कम्पनीले जरिवाना तिर्नुपर्ने छ ।

उत्पादित बिजुली नेपाल सरकारले खरिद गर्न चाहे नि:शुल्कबाहेक थप ३० प्रतिशत विद्युत् किन्न सक्ने छ ।

ग्रामीण विद्युतीकरणका लागि जीएमआरले २ मेगावाटको छुट्टै आयोजना बनाई सरकारलाई हस्तान्तरण गर्नुपर्नेछ ।

स्थानीयवासी विस्तारै आयोजनाप्रति सकारात्मक बन्दै गए पनि माओवादीका दुई धारले भने बेलाबेलामा विरोध गरिरहेका छन् । विरोध गर्नेमा विप्लव र वैद्य नेतृत्वको माओवादी अगाडि छ । कम्पनीका लागि पनि यो आयोजना आकर्षक भएको र लगानी पनि जुट्ने सम्भावनाले मुलुकले पहिलो पीडीए गरेको कम्पनीको काम अगाडि बढ्ने बोर्डको अपेक्षा छ ।

यो आयोजनालाई प्रतिमेगावाट ५० लाख अनुदान दिने निर्णय सरकारले गरेको छ । यससँगै सरकारी नीतिका कारण कुनै वित्तीय दायित्व बढे आयोजनाले बेहोर्नुपर्ने छैन । घटेमा आयोजनालाई फाइदा हुनेछ ।

श्रोतः अभियान, २०७२/१२/१०

## लेखगाउँ–कुनाथरी विद्युत् प्रसारण लाइन : बजेट अभावले निर्माणमा ढिलाइ

पश्चिम सुर्खेतको लेखगाउँ–कुनाथरी विद्युत् प्रसारण लाइन निर्माण कार्यमा रकम अभाव भएको छ । करीब रू. २ करोड लागत इस्टिमेट रहेको उक्त आयोजनाका लागि सरकारले ५ लाख मात्र विनियोजन गर्दा निर्माणमा ढिलाइ हुने भएको छ । आयोजनाको निर्माण ढिलाइले लागत इस्टिमेटसमेत बढ्ने सम्बद्धहरू बताउँछन् । करीब साढे ७ किलोमिटर लम्बाइ रहेको सो आयोजनाका लागि गतवर्ष १६ लाख रुपैयाँ विनियोजन भएको नेपाल विद्युत् प्राधिकरण शाखा सुर्खेतले बताएको छ । गतवर्ष विनियोजित रकमबाट खरीद गरिएका पोल लेखगाउँ र विद्युत् प्रसारण कार्यालय अगाडि राखिएका छन् ।

‘खरीद गरिएका ती पोल यस वर्ष पोलिङ गर्ने योजना थियो,’ विद्युत् प्राधिकरण सुर्खेत शाखा प्रमुख दीपकजङ्ग चौधरीले भने, ‘तर, यस वर्ष रकम ५ लाख रुपैयाँ मात्र आएकाले सोचेजति काम गर्न नसकिने भयो ।’ बजेट घटेर आउँदा तोकिएको समयमा आयोजना पूरा गर्न कठिनाइ हुने बताए । उनका अनुसार यस वर्ष आएको रकमबाट पोल ढुवानीसँगै केही पोलिङ पनि गर्न मात्र सकिनेछ । प्रसारण लाइन निर्माणका लागि थप रकम बढाउन आफूले प्रक्रिया शुरू गरे पनि त्यो पर्याप्त हुन नसकेको चौधरीले बताए । उनले यस वर्ष भूकम्पप्रभावित जिल्ला बढी लगानी लगाउनुपर्ने सरकारी बाध्यताका कारण थप रकमका लागि समस्या रहेको उल्लेख गरे । उनका अनुसार तोकिएको समयमा आयोजना सम्पन्न गर्न अब स्थानीय बासिन्दाको दबाबसमेत आवश्यक देखिन्छ ।

कुनाथरीको विकासका लागि महत्त्वपूर्ण मानिएको ११ केभीए प्रसारण लाइनको निर्माण कार्य गत वर्षदेखि शुरू भएको थियो । आयोजनाका लागि रकम अभाव भएको समाचार सुनेपछि कुनाथरीका स्थानीय बासिन्दा निराश हुन थालेका छन् । ‘जिल्लामै पहिलोपटक कुनाथरीमा कृषि क्याम्पस सञ्चालनार्थ ल्याउन लागिएको उक्त विद्युत् लाइन निर्माणको ढिलाइले अन्य नयाँ परियोजनासमेत प्रभावित हुनेछन्,’ गाविस सचिव आनन्द चपाईंले भने । उनले राष्ट्रिय योजना आयोगको नीतिमै परेको योजनाको निर्माणका लागि रकम अभाव हुनु दुर्भाग्य भएको बताए । उनका अनुसार राजनीतिक दलका प्रतिनिधिले आयोजनालाई तोकिएकै समयमा पूरा गर्न पहलकदमी बढाउनुपर्छ । पश्चिम सालकोट निवासी तिलकराम अधिकारीले लेखागाउँ–कुनाथरी विद्युत् प्रसारण निर्माणमा रकम अभाव हुनु नेताहरूको कमजोरी भएको बताए । राष्ट्रिय योजना आयोगको नीतिमै परेको योजनाका लागि रकम अभाव हुनु विडम्बना भएको उनको भनाइ छ ।

श्रोतः नेपाल समाचारपत्र, २०७२/१२/१०

## जलविद्युत्, पर्यटन, सेवा क्षेत्रमा लगानीको ढोका खोलेका छौंः प्रम

प्रधानमन्त्री केपी शर्मा ओलीले चिनियाँ लगानीकर्तालाई नेपालमा लगानी गर्न आग्रह गर्नुभएको छ। चीन भ्रमणमा रहनु भएका प्रधानमन्त्री ओलीले मंगलबार चिनियाँ उद्योगी व्यवसायीलाई सम्बोधन गर्दै सो आग्रह गर्नुभएको हो। त्यसक्रममा प्रधानमन्त्री ओलीले नेपालले उदार अर्थनीति लिइएको उल्लेख गर्दै नेपालमा लगानीको सुरक्षा, बजारको सम्भाव्यता र उच्च प्रतिफल प्राप्त हुने हुँदा चिनियाँ लगानीकर्ताका निम्ति उपयुक्त गन्तव्य रहेको धारणा राख्नुभयो। लगानी बोर्डले ठूला लगानीका क्षेत्रमा सहजकर्ताको भूमिका निर्वाह गरेको छ भन्दै प्रधानमन्त्री ओलीले वैदेशिक लगानीकर्तालाई आकर्षित गर्नका निम्ति आफ्नो सरकारले एकद्वार नीति लिएको बताउनुभयो। लगानीकर्ता र उनको परिवारका निम्ति भिसाको प्रक्रिया सहज बनाउने नीति लिएको पनि उल्लेख गर्नुभयो। वैदशिक लगानीका कम्पनीले नेपालमा जग्गा जमिन खरिद बिक्री गर्न सक्ने, नेपालको श्रम नीति परिमार्जन गरी लगानीमैत्री श्रम कानुन निर्माण गर्ने तयारी भइरहेको जानकारी दिनुभयो।

सरकारले सीमा क्षेत्रमा विशेष आर्थिक क्षेत्र (सेज) स्थापना गर्ने तयारी गरिरहेको बताउँदै प्रधानमन्त्री ओलीले सीमा क्षेत्रको सेजमार्फत अन्तरर्देशीय व्यपार विस्तार गर्न सकिने बताउनुभयो। साथै नेपालमा तीव्र गतिमा मध्यमवर्गीय उपभोक्ता बजारको विस्तार हुँदै गएको उल्लेख गर्दै लगानीकर्तालाई बजार खोज्न सहज हुने बताउनुभयो। नेपालमा कामदारको ज्याल कम रहेको तथा लगानीको प्रतिफल उच्च रहेको उल्लेख गर्दै उहाँले नेपालमा स्थापित उद्योगले दक्षिण एसियाली क्षेत्रमा आफ्नो बजार खोज्न सहज हुने धारणा राख्नुभयो।

हामीले सधैं उत्पादन, जलविद्युत्, पर्यटन, सेवा क्षेत्र, सूचना प्रविधि तथा कृषिजन्य उद्योगका निम्ति ढोका खोका छौं भन्दै प्रधानमन्त्री ओलीले नेपालको जलविद्युत् क्षेत्र लगानीकर्ताका निम्ति पहिलो रोजाई हुन सक्ने बताउनुभयो। ‘नेपालमा ठूलो परिमाणमा जलविद्युत् उत्पादन गर्न सकिने सम्भवाना रहेको भए पनि सोलार, वायु ऊर्जा, बायोमासजस्ता नवीकरणीय ऊर्जाका क्षेत्रमा पनि ठूला आयोजना सञ्चालन गर्न सकिने भएकाले चिनियाँ लगानीकर्ताका निम्ति यो उपयुक्त क्षेत्र हुन सक्छ,’ प्रधानमन्त्री ओलीको भनाइ थियो।

त्यस्तै पर्यटन क्षेत्र पनि उत्तिकै आकर्षक क्षेत्र रहेको उल्लेख गर्दै उहाँले नेपालले भगवानसँग प्राकृतिक सुन्दरताको उपहार प्राप्त गरेको उहाँले बताउनुभयो। नेपालको संस्कृति, पयर्टकलाई माया गर्ने नागरिक छन् भन्दै पछिल्ला दिनमा नेपालमा चिनियाँ पर्यटकहरू बढ्दै गएको प्रधानमन्त्री ओलीको भनाइ थियो। ‘हामीले अहिले पोखरा र लुम्बिनीमा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्दै छौं। यसबाट पनि पर्यटन प्रवद्र्धनमा रहन हुन सक्छ,’ प्रधानमन्त्री ओलीको भनाइ थियो।

देशको अर्थतन्त्र सुधारका निम्ति लगानीकर्ता, लगानीको नयाँ सम्भ्वयताको खोजीकर्ता व्यवसायी तथा नेतृत्वकर्ता भूमिकामका रहन्छ यसमा सरकारले सहजकर्ताको रुपमा भूमिका निर्वाह गर्छ भन्दै उहाँले व्यापार तथा लगानीकर्ता कर घटाउन, कर प्रणालीलाई सहज बनाउने र व्यापारको पूर्वाधारको विकासका आफूहरूले ध्यान केन्द्रित गरेको बताउनुभयो ं।

यसैबीच प्रधानमन्त्री ओलीले चीनले नेपालको विकासमा गरेको उदार सहयोगका कारण नेपालको विकास अघि बढेको बताउनुभएको छ। बेइजिङस्थित रेनमिन विश्वविद्यालयमा मंगलबार नै आयोजित आयोजित ‘वान बेल्ट–वान रोड इनिसिएटिभ्स’ विषयक कार्यक्रममा सम्बोधन गर्दै चिनियाँ कम्पनीको नेपालमा लगानी, व्यापारिक सम्बन्ध र प्राविधिक सहयोगले नै नेपालको विकास गतिशील बनेको भन्दै चिनियाँ सहयोगले नेपाललाई विकासको

गतिमा अगाडि बढ्न मद्दत गर्ने तथा आर्थिक सहयोगलाई थप उचाईमा लैजानुपर्ने धारणा राख्नुभएको छ। औद्योगिक आधारलाई फराकिलो पार्न र कृषिलाई आधुनिकीकरण गर्न आफ्नो सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै प्रधानमन्त्री अओलीले उद्योगलाई इन्धनका रुपमा आवश्यक पर्ने ऊर्जा उत्पादन गर्न र जलस्रोतको अधिकतम उपयोग गर्न आफूहरू कटिबद्ध रहेको बताउनुभएको छ। लगानीका लागि नेपाली बजार खुला रहेको उल्लेख गर्दै अहिले देखिएका केही असहज परिस्थितिलाई नयाँ अवधारणाले चिर्ने प्रधानमन्त्री ओलीको भनाइ थियो। त्यसक्रममा प्रधानमन्त्री ओलीले अल्पविकसित अर्थतन्त्रयुक्त भूपरिवेष्टित राष्ट्र नेपालसमक्ष मुलुकलाई समृद्ध बनाउने थुप्रै चुनौती रहेको हुँदा हामीलाई लगानी अभिवृद्धि गर्न, स्रोत उपयोग गर्न, प्रविधि र नवीन रणनीतिको विकास गर्न जरुरी धारणा राख्नु भएको थियो।

श्रोतः अभियान, २०७२/१२/११

# जलविद्युत आयोजनामा लाभको बाँडफाँटसम्बन्धी स्पष्ट नीतिको अभाव

*स्थानीयलाई कुल लागतको ०.५ र २ प्रतिशतसम्म लाभको बाँडफाँट गर्नु उपयुक्त*

जलविद्युत् विकासका अवरोधकहरुमध्ये लाभको बाँडफाँटसम्बन्धी स्पष्ट नीतिको अभाव पनि एक कारक देखिएको छ । आर्थिक नीतिहरुमा अनुसन्धान तथा पैरवी गर्ने समृद्धि फाउण्डेशन नामक संस्थाले गरेको अध्ययनले उक्त निष्कर्ष निकालेको हो ।

अध्ययन विशेषज्ञ तथा काम गरिरहेका निजी जलविद्युत निर्माताहरुको अनुभवका आधारमा एक प्रतिवेदन तयार पारिएको हो । अध्ययनले कतिपय जलबिद्युत आयोजनाहरु स्थानीयको हितलाई ध्यान नदिएको भन्दै बिचमै रोकिएको देखाएको छ । सोधपत्रको लक्ष्य त्यस्ता निजी लगानीकर्ताहरुले स्थानीयसँग लाभको बाँडफाँड गर्ने सिलसिलामा व्यहोर्न पर्ने थप लागतको मापन गर्नु थियो ।

अध्ययनमा साना आयोजनाहरु (१० मेगावाटभन्दा कम क्षमता भएका) र मध्यम आयोजनाहरु (२० देखि ६० मेगावाट क्षमता भएका ) गरी दुई प्रकारका आयोजनाहरुलाई लिइएको थियो । ‘अध्ययनका अनुसार, साना तथा मध्यम आयोजनाहरुले स्थानीय समक्ष कुल लागतको क्रमशः २ र शून्य दशमलव ५ प्रतिशतसम्म लाभको बाँडफाँट गर्नु उपयुक्त हुने देखिन्छ’ अनुसन्धान प्रमुख डा. धुरव भण्डारीले भने । अध्ययनमा १० ओटा आयोजनालाई लिइएको थियो ।

नेपालमा लगानीकर्ताहरुबाट रोयल्टी सङ्कलन गर्ने र सो रकम स्थानीयमाझ पुनर्वितरण गर्ने कानूनी प्रावधान छ । तर, अहिले स्थानीय सरकारको अभावमा स्थानीयले लगानी कर्तासमक्ष विभिन्न मागहरु (जस्तै सडक, विद्यालय, खानेपानी, पुल निर्माण) राख्ने गरेका छन् । अध्ययन अनुसार लगानीकर्ताहरुले लाभको बाँडफाँटमा अहिले प्रत्यक्ष रुपमा गरिएको भन्दा थप पैसा खर्च गर्न सम्भव रहेको देखाएको छ । लगानीकर्ताहरुले अहिले प्रत्यक्ष लागत अन्तरगत स्थानीयको माग पूरा गर्ने गरेको छन् । यसबाहेक ढिलासुस्तीका कारण घट्ने आय (अवसर लागत), र ढिलासुस्ती पछि समयमा काम पूरा गर्नकालागि गरिने अन्य लागत पनि भोगिरहेका छन् । ‘स्पष्ट र स्थिर नीति हुने हो भने लगानीकर्ताहरु स्थानीय हितका लागि अझ धैरै खर्च गर्न तयार छन्’ डा. भण्डारी भने, ‘यस पछाडिको कारण लगानीकर्ताहरु केहि प्रतिशत थप लागतलाई भन्दा आयोजना निर्माणको सुनिश्चिततालाई बढी महत्व दिन्छन ।’

**लाभको बाँडफाँट पेचिलो मुद्धा**

व्यवस्थापिका संसदको कृषि तथा जलस्रोत समितिका सभापति गगन थापाले आगामी दिनमा प्राकृतिक स्रोतबाट हुने लाभको बाँडफाँट सबैभन्दा पेचिलो मुद्धा बन्ने बताएका छन् । नेपालका जलविद्युत् आयोजनाहरुमा लाभ बाँडफाँट बारे गरिएको अध्ययन सार्वजनिक कार्यक्रममा उनले उक्त कुरा बताएका हुन् ।

संविधानमै कुनै पनि प्राकृतिक स्रोतको प्रयोग गर्दा स्थानीय पर्यावरण र जनजीविकामा असर गर्छ भने त्यसलाई न्यूनीकरण गर्नैपर्ने र सञ्चालन हुने आयोजनाबाट हुने लाभको बाँडफाँट गर्नैपर्ने व्यवस्था रहेको छ । ‘अब संविधानका यी व्यवस्थाभन्दा पछाडि फर्कन सकिदैन’ उनले भने । तर, कसरी गर्ने, कति गर्नेलगायतका विषयमा छलफल गर्न सकिनेमा उनले जोड दिए ।

कार्यक्रममा स्वतन्त्र ऊर्जा उत्पादनकहरुको संस्था नेपाल (इप्पान) का महासचिव कुमार पाण्डेले आयोजना निर्माण गर्दा स्थानीयले पहिलो पटक गर्ने माग जायज भएपनि पटकपटक हुने माग अनुचित भएको बताए । आयोजनाले

बुझाउने रोयल्टीबाट नै स्थानीयको माग पूरा गर्नुपर्ने उनको तर्क छ । ‘साथै कति क्षमताको आयोजनाले कति लगानी गर्नुपर्ने हो उल्लेख गरेर स्पष्ट नीति बन्नुपर्छ’ महासचिव पाण्डेले भने ।

कार्यक्रममा जल तथा ऊर्जा आयोगको सचिवालयका सहसचिव केशवध्वज अधिकारीले लाभको बाँडफाँटलाई कानूनमै राख्न गाह्रो हुने बताए । किनकी यो आयोजना अनुसार फरक हुने उनको भनाइ छ । कार्यक्रममा अर्थशास्त्री, नीति निर्माताहरु, निजी जलविद्युत् विकासकर्ता, अनुसन्धानकर्ता लगायतले अध्ययनबारे टिप्पणी गरेका थिए ।

श्रोतः गोरखापत्र, २०७२/१२/११

# किमाथाङ्का अरुण पूर्वाञ्चलको भाग्य खोल्दै

छिमेकी चीनको सीमा नजिकको महत्वपूर्ण जलविद्युत् आयोजना किमाथाङ्का अरुण अगाडि बढाउने सहमति भएपछि आयोजनास्थल सङ्खुवासभाका जनप्रतिनिधिले लामो समयदेखिको सपना साकार हुन लागेको प्रतिक्रिया दिनुभएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणका क्रममा बुधबार जारी गरिएको १५ बुँदे संयुक्त वक्तव्यमा सो जलविद्युत् आयोजनाको समग्र अध्ययन तथा निर्माण प्रक्रिया अगाडि बढाउने विषय समेटिएपछि जिल्लाका जनप्रतिनिधिले खुसी व्यक्त गरेका हुन् । नेपाल–चीन सीमा नजिकको सो आयोजना लामो समयदेखि चर्चामा रहेको थियो । तर कुनै पनि प्रक्रिया अगाडि बढ्न नसकेको भन्दै स्थानीयस्तरमा असन्तुष्टिसमेत पैदा भएको थियो ।

कुल ४३४ मेगावाट क्षमताको किमाथाङ्का अरुणलाई अगाडि बढाइदिन सरकारले चीन सरकारसँग आग्रह गरेको थियो । सङ्खुवासभामा नै सो आयोजना अगाडि बढिरहेको छ । भारतीय लगानीकर्ता कम्पनी सतजल विद्युत् निगमले ९०० मेगावाट क्षमताको अरुण तेस्रो आयोजना अगाडि बढाइरहेको छ ।

लगानी बोर्डको समन्वयमा अरुण तेस्रो जलविद्युत् आयोजनाले हाल पहुँचमार्ग निर्माण गरिरहेको छ । जिल्लामा नै अर्को महत्वपूर्ण आयोजना अगाडि बढ्ने भएपछि सङ्खुवासभाबाट व्यवस्थापिका–संसद्मा प्रतिनिधित्व गर्नुहुने सांसद तारामान गुरुङ समग्र पूर्वाञ्चलवासीको सपना साकार हुन लागेको बताउनुहुन्छ । “प्रधानमन्त्रीको भ्रमणका क्रममा किमाथाङ्का अरुण अगाडि बढ्ने सहमति हुनु हाम्रा लागि खुसीको विषय हो,” उहाँले भन्नुभयो ।

यस्तै सङ्खुवासभाबाटै संसद्मा प्रतिनिधित्व गर्ने सांसद वेदमाया भण्डारी शाक्य आयोजना अगाडि बढ्ने विषय नै सबैभन्दा महत्वपूर्ण रहेको बताउनुहुन्छ । अरुण तेस्रो जलविद्युत् आयोजना लामो समयदेखि चर्चा परिचर्चामा रहे पनि पछिल्लो दिनमा मात्रै अगाडि बढ्न लागेको सन्दर्भमा सङ्खुवासभामा नै अर्को महत्वपूर्ण आयोजना सुरु हुने विषय उठान हुनु असाध्यै खुसीको विषय भएको भन्दै उहाँले सो आयोजना अगाडि बढेको खण्डमा समग्र नेपालकै भविष्य सुन्दर हुने बताउनुभयो ।

चीन जानुअघि प्रधानमन्त्री ओलीले आगामी दुई वर्षभित्र विराटनगर–किमाथाङ्का सडकको ट्याक खोलिसक्ने बताउनुभएको थियो । यस्तै व्यवस्थापिका–संसद्को विकास समितिले पनि सो मार्गलाई तत्काल अगाडि बढाउन सरकारलाई निर्देशन दिएको थियो ।

सोही जिल्लाकी अर्की सांसद प्रभादेवी बज्राचार्य किमाथाङ्का अरुणको विषयमा सहमति हुनु जिल्ला र मुलुक दुवैका लागि खुसीको विषय भएको बताउनुहुन्छ । सो आयोजनालाई अगाडि बढाउन स्थानीयवासी असाध्यै उत्सुक रहेको भन्दै उहाँले चरम ऊर्जा सङ्कटमा रहेको मुलुकलाई त्राण दिन सो आयोजना सफल हुने विश्वास व्यक्त गर्नुभयो । हाल जिल्लामा सबै राजनीतिक दल, सरोकारवाला निकाय तथा लगानीकर्तासमेत आकर्षित भइरहेको सन्दर्भमा दुई महत्वपूर्ण आयोजना अगाडि बढ्ने विषय महत्वपूर्ण रहेको उहाँको भनाइ छ ।

ऊर्जा मन्त्रालयका सहायक प्रवक्ता गोकर्णराज पन्थले सो आयोजनाको पहिचानको चरणमा मात्रै अध्ययन भएको जानकारी दिँदै अब थप अध्ययनको बाटो खुलेको प्रतिक्रिया दिनुभयो । उहाँले भन्नुभयो – ''नेपाल सरकारले धेरै पहिले सो आयोजनाको सामान्य अध्ययन गरेको थियो, परियोजना पहिचान गरिएको हो । प्रधानमन्त्रीको चीन भ्रमणका क्रममा सो आयोजना समेटिएर आउनु नै महत्वपूर्ण विषय भएकाले अब तत्परताका साथ अध्ययनको काम सुरु हुन्छ ।''

सो आयोजना अगाडि बढाउने र विराटनगर किमाथाङ्का सडक पनि सँगै निर्माण सम्पन्न भए समग्र नेपालको आर्थिक अवस्था सुधार हुने अपेक्षा गर्न सकिन्छ । हाल सो सडकखण्डको ३१० किलोमिटरमध्ये ८४ किलोमिटरको ट्र्याक खोल्न बाँकी छ । अन्य स्थानको सडक स्तरोन्नति गर्ने काम भइरहेको छ । सडक विभागका अनुसार आगामी दुई वर्षभित्र काम सम्पन्न गर्ने लक्ष्य राखिएको छ । रासस

श्रोतः नागरीक, २०७२/१२/११

# किमाथांका अरुण अध्ययनमा चीनको सहयोग

नेपाल–चीन सीमामा रहेको चार सय ३४ मेगावाटको किमाथांका अरुण जलाशय जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययनमा चीनले सहयोग गर्ने भएको छ। प्रधानमन्त्री केपी शर्मा ओली भ्रमणमै रहेका बेला आयोजना अध्ययन गर्न चीनले सहयोग गर्ने बचन दिएको हो। दुई देशले बुधबार जारी गरेको संयुक्त विज्ञप्तिअनुसार आयोजना अध्ययनसहित सीमा क्षेत्रसम्म प्रसारण लाइन विस्तार गर्न चीनले सहयोग गर्नेछ।
किमाथांका अरुण नेपाल विद्युत प्राधिकरणले अध्ययन गर्ने माथिल्लो अरुणभन्दा माथि पर्ने विद्युत विकास विभागका महानिर्देशक समिररत्न शाक्यले बताए। 'यो आयोजना विभागले नै अध्ययन गर्ने तयारी गरेको छ, सीमामा पर्ने हुँदा निर्माणपछि विद्युत चीनतर्फ बेच्न पनि सकिनेछ,' उनले भने, 'यसको अहिले डेस्क अध्ययनमात्र भएको छ।'

नेपालले गरेको अनुरोधमा चीन केरुङरसुवागढी ४ सय केभी प्रसारण लाइन निर्माण गरिदिन पनि सहमत भएको छ। यस्तै, काठमाडौं उपत्यकामा १३२ केभी डबल सर्किट प्रसारण लाइन निर्माण तथा स्तरोन्नतीमा सहयोग गर्नेछ। मोनोपोल संरचनामा उपत्यकामा उक्त प्रसारण लाइन बन्नेछ।

नेपालले किमाथांका–खाँदबारी–धनकुटा सडक स्तरोन्नती र उपत्यका चक्रपथ दोस्रो चरण स्तरोन्नतीका लागि पनि सहयोग गरिदिन आग्रह गरेको थियो। यस्तै, रसुवागढी–काठमाडौं र काठमडाौं–पोखरा–लुम्बिनी रेलमार्गको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार गरिदिन पनि चीनसँग आग्रह गरिएको छ। चीन यसम पनि सहमत भएको छ।

श्रोतः राजधानी दैनिक, २०७२/१२/११

# जलविद्युत् लाभ बाँडफाँटको नीति अभाव

नेपालमा जलविद्युत् आयोजनाको लाभ बाँडफाँटबारे स्पष्ट नीति नभएको औंल्याइएको छ । समृद्धि फाउन्डेसनले नेपालमा जलविद्युत् परियोजनामा लाभ बाँडफाँटबारे गरेको अध्ययनले यसबारे स्पष्ट नीति नभएको औंल्याएको हो । साना र ठूला गरी १० जलविद्युत् आयोजनालाई नमुना रूपमा लिएर गरिएको अध्ययनले लाभ बाँडफाँटको सीमा र आधारलाई स्पष्ट रूपमा व्याख्या गर्दै आयोजनाको आकार, बजेट, लगानीको स्रोत तथा सम्भाव्यताजस्ता कुरालाई मध्यनजर गरी स्पष्ट मार्गनिर्देशनसहित नीतिगत खाका तयार गर्नुपर्ने जनाएको छ ।

फाउन्डेसनद्वारा बिहीबार ललितपुरमा आयोजित कार्यक्रममा अध्ययन सार्वजनिक गर्दै फाउन्डेसनका अनुसन्धानकर्ता डा. धुरव भण्डारीले स्थानीय समुदायसम्म लाभ पुगेको सुनिश्चित गर्ने एउटा स्पष्ट वितरण संयन्त्रको आवश्यकताबारे सुझाव दिइएको जानकारी दिए । परियोजनाआसपासका क्षेत्रको लाभ बाँडफाँटसम्बन्धी सबै मामिलाहरू हेर्ने र समन्वय गर्ने स्थानीय सरकारलाई सशक्तीकरण गर्न जरुरी रहेको बताउँदै स्थानीय सरकारको जिम्मेवारी निजी निर्माताले बहन गर्नुपर्ने अवस्था हुनु नहुने उल्लेख छ । यस अध्ययनका अनुसार साना तथा मध्यम आयोजनाले कुल लागतको क्रमशः २ प्रतिशत र ०.५ प्रतिशतसम्म स्थानीयसमक्ष लाभको बाँडफाँट गर्नु उपयुक्त हुन्छ ।

समृद्धि फाउन्डेसनले नियमित रूपमा सञ्चालन गर्ने ‘इकोनीति’ बहसका क्रममा बिहीबार आयोजित कार्यक्रममा संसद्को कृषि तथा जलस्रोत समितिका सभापति गगन थापाले जलविद्युत्को लाभलाई स्पष्ट बाँडफाँट गर्नुपर्ने ग्यारेन्टी संविधानले दिएको बताए ।

जलविद्युत् लगानीकर्ताले एक ठाउँमा राजस्व तिरेपछि अन्य क्षेत्रमा लगानी गर्नुपर्ने उल्लेख गर्दै यसको उपयोगका लागि स्पष्ट मापदण्ड बनाउनुपर्ने बताए । जल तथा ऊर्जा आयोग सचिवालयका सहसचिव केशवध्वज अधिकारीले लाभ बाँडफाँटको सम्बन्ध स्थानीयदेखि अन्तर्राष्ट्रिय क्षेत्रसम्म हुने बताए ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (ईप्पान) का महासचिव कुमार पाण्डेले सरकारलाई लगानीकर्ताले एकपटक राजस्व तिरेपछि स्थानीय तहमा पनि विभिन्न माग सम्बोधन गर्नुपर्ने अवस्थाको अन्त्य गर्नुपर्ने बताए ।

फाउन्डेसनका निर्जन राईलगायतले जलविद्युत्को लाभ बाँडफाँटको विषय जलविद्युत् क्षेत्रमा महŒवपूर्ण रहेको बताए ।

श्रोतः अभियान, २०७२/१२/११

## किमाथाङ्का अरुण आयोजना बन्ने भएपछि पूर्वाञ्चलवासी हर्षित

छिमेकी चीनको सीमा नजिकको महत्वपूर्ण जलविद्युत् आयोजना किमाथाङ्का अरुण अगाडि बढाउने सहमति भएपछि आयोजनास्थल सङ्खुवासभाका जनप्रतिनिधिले लामो समयदेखिको सपना साकार हुन लागेको प्रतिक्रिया दिएका छन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणका क्रममा बुधबार जारी गरिएको १५ बुँदे संयुक्त वक्तव्यमा सो जलविद्युत् आयोजनाको समग्र अध्ययन तथा निर्माण प्रक्रिया अगाडि बढाउने विषय समेटिएपछि जिल्लाका जनप्रतिनिधिले खुसी व्यक्त गरेका हुन् । नेपाल–चीन सीमा नजिकको सो आयोजना लामो समयदेखि चर्चामा रहेको थियो । तर कुनै पनि प्रक्रिया अगाडि बढ्न नसकेको भन्दै स्थानीयस्तरमा असन्तुष्टिसमेत पैदा भएको थियो ।

कूल चारसय ३४ मेगावाट क्षमताको किमाथाङ्का अरुणलाई अगाडि बढाइदिन सरकारले चीन सरकारसँग आग्रह गरेको थियो । सङ्खुवासभामा नै सो आयोजना अगाडि बढिरहेको छ । भारतीय लगानीकर्ता कम्पनी सतजल विद्युत् निगमले नौसय मेगावाट क्षमताको अरुण तेस्रो आयोजना अगाडि बढाइरहेको छ ।

लगानी बोर्डको समन्वयमा अरुण तेस्रो जलविद्युत् आयोजनाले हाल पहुँचमार्ग निर्माण गरिरहेको छ । जिल्लामा नै अर्को महत्वपूर्ण आयोजना अगाडि बढ्ने भएपछि सङ्खुवासभाबाट व्यवस्थापिका–संसद्मा प्रतिनिधित्व गर्ने सांसद् तारामान गुरुङ समग्र पूर्वाञ्चलवासीको सपना साकार हुन लागेको बताए । 'प्रधानमन्त्रीको भ्रमणका क्रममा किमाथाङ्का अरुण अगाडि बढ्ने सहमति हुनु हाम्रा लागि खुसीको विषय हो,' उनले भने ।

यस्तै सङ्खुवासभाबाटै संसद्मा प्रतिनिधित्व गर्ने सांसद् वेदमाया भण्डारी शाक्य आयोजना अगाडि बढ्ने विषय नै सबैभन्दा महत्वपूर्ण रहेको बताए । अरुण तेस्रो जलविद्युत् आयोजना लामो समयदेखि चर्चा परिचर्चामा रहे पनि पछिल्लो दिनमा मात्रै अगाडि बढ्न लागेको सन्दर्भमा सङ्खुवासभामा नै अर्को महत्वपूर्ण आयोजना शुरु हुने विषय उठान हुनु असाध्यै खुसीको विषय भएको भन्दै उनले सो आयोजना अगाडि बढेको खण्डमा समग्र नेपालकै भविष्य सुन्दर हुने बताए ।

चीन जानुअघि प्रधानमन्त्री ओलीले आगामी दुई वर्षभित्र विराटनगर–किमाथाङ्का सडकको ट्याक खोलिसक्ने बताएका थिए । यस्तै व्यवस्थापिका–संसद्को विकास समितिले पनि सो मार्गलाई तत्काल अगाडि बढाउन सरकारलाई निर्देशन दिएको थियो ।

ऊर्जा मन्त्रालयका सहायक प्रवक्ता गोकर्णराज पन्थले सो आयोजनाको पहिचानको चरणमा मात्रै अध्ययन भएको जानकारी दिँदै अब थप अध्ययनको बाटो खुलेको प्रतिक्रिया दिए । उनले भने – 'नेपाल सरकारले धेरै पहिले सो आयोजनाको सामान्य अध्ययन गरेको थियो, परियोजना पहिचान गरिएको हो । प्रधानमन्त्रीको चीन भ्रमणका क्रममा सो आयोजना समेटिएर आउनु नै महत्वपूर्ण विषय भएकाले अब तत्परताका साथ अध्ययनको काम शुरु हुन्छ ।'

सो आयोजना अगाडि बढाउने र विराटनगर किमाथाङ्का सडक पनि सँगै निर्माण सम्पन्न भए समग्र नेपालको आर्थिक अवस्था सुधार हुने अपेक्षा गर्न सकिन्छ । हाल सो सडकखण्डको तीनसय १० किलोमिटरमध्ये ८४ किलोमिटरको ड्याक खोल्न बाँकी छ । अन्य स्थानको सडक स्तरोन्नति गर्ने काम भइरहेको छ । सडक विभागका अनुसार आगामी दुई वर्षभित्र काम सम्पन्न गर्ने लक्ष्य राखिएको छ । *रासस*

श्रोतः नागरीक, २०७२/१२/११

# माथिल्लो कर्णालीको सुरक्षाको जिम्मा सेनालाई

भारतीय निर्माण कम्पनी जिएमआरले निर्माण गर्न लागेको माथिल्लो कर्णाली जलविद्युत आयोजना सुरक्षाको जिम्मा नेपाली सेनाले लिने भएको छ। मन्त्रिपरिषदको निर्णयानुसार आयोजनाको सुरक्षाका लागि सेना खटिन लागेको हो।अघिल्लो साता मध्य तथा सुदूरपश्चिम विकास क्षेत्रका सुरक्षा निकायका क्षेत्रीय प्रमुखबीच सुर्खेतमा भएको क्षेत्रीय सुरक्षा समन्वय समितिको बैठकले आयोजना सुरक्षाका लागि सेना खटाउने मन्त्रिपरिषदको निर्णय कार्यान्वयनका लागि केन्द्रीय सुरक्षा समितिमा सिफारिस गरेको छ।

मन्त्रिपरिषदको निर्णय कार्यान्वयनस"गै सशस्त्र प्रहरी आयोजनास्थलबाट बाहिरिने छ। हाल आयोजना सुरक्षाका लागि डिएसपीको कमान्डमा ७० सशस्त्र प्रहरीको युनिट माथिल्लो कर्णालीमा छ। स्रोतका अनुसार मध्य र सुदूरपश्चिमका दुई विकास क्षेत्रस"ग समन्वय गर्न नसकेको, लगातार सुरक्षा थ्रेट बढ्दै गए पनि त्यसलाई रोक्न नसकेको लगायत कारण देखाएर सशस्त्रको ठाउ"मा सेना राख्न लागिएको हो।

'दुई क्षेत्रका क्षेत्रीय प्रशासक, सशस्त्र, नेपाल प्रहरीका डिआइजी र सेनाका प्रमुखबीचको समन्वय बैठकले मन्त्रिपरिषदको निर्णय कार्यान्वयन गर्न केन्द्रीय सुरक्षा समितिलाई सिफारिस गरेको छ,' बैठकमा सहभागी एक सुरक्षा अधिकारीले भने, 'सम्भवतः एक महिनाभित्रै सेना आयोजनास्थलमा खटिन्छ।'

बैठकमा सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय तथा मध्यपश्चिम क्षेत्रीय प्रशासन कार्यालयका क्षेत्रीय प्रशासक, दुवै क्षेत्रका सशस्त्र र नेपाल प्रहरीका डिआइजी, नेपाली सेनाका पृतनापतिहरु, लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) राधेश पन्त, जिएमआरका केके शर्मालगायतको सहभागिता थियो।

मन्त्रिपरिषदले असार र असोजमा गरेर दुईपटक सेना राख्ने निर्णय गरेको छ। मन्त्रिपरिषदको निर्णय कार्यान्वयनका लागि दुइटै विकास क्षेत्रका सुरक्षा प्रमुखहरुको बैठक बसेको हो। स्रोतका अनुसार बैठकले चारवटा निर्णय गरेको थियो। तीमध्ये दुईवटा माथिल्लो कर्णाली आयोजनाको सुरक्षास"ग सम्बन्धित थिए।

निर्णयको पहिलो बु"दामा आयोजनामा लगानीकर्ताको सुरक्षाका लागि परिचालन भइरहेको सशस्त्र प्रहरीको सट्टा नेपाली सेना खटाउने मन्त्रिपरिषदको निर्णय कार्यान्वयन गर्न केन्द्रीय सुरक्षा समितिलाई सिफारिस गर्ने उल्लेख छ। दोस्रो बु"दामा आयोजनास्थलमा हुन सक्ने हुलदंगा नियन्त्रण र कारबाहीका लागि अधिकारसहितको इलाका प्रहरी चौकी स्थापना गर्ने उल्लेख छ।

'सरकारले आयोजनाको सुरक्षाका लागि सेना परिचालन गर्ने निर्णय गरिसकेको छ। त्यसलाई कार्यान्वयन गर्न दुवै क्षेत्रका क्षेत्रीय सुरक्षा समितिको संयुक्त बैठकले निर्णय गरेर केन्द्रीय सुरक्षा परिषदमा पठाएका

छौं,' सुदूरपश्चिमका क्षेत्रीय प्रशासक मुकुन्दराज प्रसाद घिमिरेले भने, 'अबको केही दिनभित्रै निर्णय कार्यान्वयन हुन्छ।' उनले सेना बस्नका लागि बाह्य पूर्वाधारको काम आयोजना प्रवर्द्धक कम्पनी जिएमआरलाई दिइएको बताए। 'आन्तरिक तयारी सेनाले नै गर्छ, तर सेनालाई बस्नको लागि आवश्यक पर्ने भौतिक संरचना भने जिएमआरले निर्माण गर्नेछ,' उनले भने, 'भौतिक संरचना तयार हुनेबित्तिकै आयोजनाको सम्पूर्ण सुरक्षा सेनाले लिन्छ।'

स्रोतका अनुसार आयोजनाभन्दा बाहिरको अन्य सुरक्षा भने सशस्त्र र नेपाल प्रहरीले लिने छ। 'आयोजना स्थलबाहेक जिएमआरस"ग सम्बन्धित अन्य सुरक्षाका बाटाहरु सशस्त्र प्रहरी र नेपाल प्रहरीले गर्नेछ,' बैठकमा सहभागी एक प्रहरी अधिकारीले भने, 'हामीलाई सोही अनुसारको निर्देशन छ।'

२०१४ सेप्टेम्बर १९ मा जिएमआर र नेपाल सरकारबीच आयोजना विकास सम्झौता (पिडिए) भए पनि अझै काम सुरु भएको छैन। आयोजना प्रवर्द्धक कम्पनी जिएमआरले सुरक्षाको कारण देखाउ"दै निर्माणमा ढिलाइ गर्दै आएको छ।

श्रोतः कान्तिपुर, २०७२/१२/१२

# अझै उठेन तामाकोसी

प्रसारण लाइनको बाटो खुले पनि राष्ट्रिय गौरवको माथिल्लो तामाकोसी जलविद्युत आयोजना समस्यै समस्यामा छ ।

भूइँचालो गएपछि समस्यामा फसेको तामाकोसी आयोजना सडक, इन्धन मसस्याले थलामै छ । कर्मचारीहरु काममा फर्कने इच्छाशक्तिको कमजोरीमा अल्झिरहेका छन् । मन्त्रिपरिषदले अनिर्णयको बन्दी बनेको प्रशारण लाइन विस्तारको लागि रुख कटानको बाटो खुलाइदिएको छ । अझै,आयोजनास्थल जोड्ने सडक मर्मत कार्य भने फलामको च्यूरा बनेको छ । अझै इन्धन संकटको तोड आयोजनाले खेपिररहेको छ ।

कर्मचारीहरुका अनुसार आयोजना क्षेत्रको भौगोलिक कमजोरीले भूकम्पपछि खतराको तरबारमुनी बसेजस्तै भैरहेको छ । ‘अहिले त ठिकै छ, तर बर्षातको जोखिममा कसरी ज्यान बचाँउने भन्ने चिन्तामा छौं,’ एक कर्मचारीले भने ।

विजुली अभावले अक्रान्त नेपालीका लागि आशाको दियो बनेर करिब ७६ प्रतिशत काम सकेको माथिल्लो तामाकोसी भूइचालोपछि चीर निद्रामा छ । मुलुकलाई ४५६ मेगावाट विजुली योगदान गर्नका लागि अन्तिम फड्को मार्दै गर्दा निदाउन पुगेको आयोजना अहिले पनि उठ्न सकेको छैन ।

साच्चिकै राष्ट्रिय गौरबको ध्वजा बोकेको स्वदेशी लगानीको यो आयोजना उठ्न सक्थ्यो, तर उठाउन कोसिस नगरिएको स्थानीयको गुनासो छ । स्थानीय राजनीतिक अगुवा पहलमान तामाङ आयोजनाको मूख्यालय गोंगरमा भेटिदा आशा भन्दा निरासाको पोकाहरु फुकाउन आतुर देखिए । ‘भूइँचालोपछि आयोजनालाई हेलाभावले हेरियो ।’ उनको बुझाईमा आयोजनालाई सरकार र आयोजनास्वयमले प्राथमिकतामा राख्ने जमर्को गरेन । तामाकोसी आयोजना प्रमुख विज्ञानप्रसाद श्रेष्ठले भूकम्प र नाकाबन्दीका कारण मुलुक नै स्तब्ध भएको असर  माथिल्लो तामाकोसी आयोजनामा परेको बताउँछन् । आत्तिनु नपर्ने बताउँदै विस्तारै आयोजनाको कामले गतिलिरहेको दावी उनले गरे ।

भूकम्पपछि लामावगर गाविसको भूगोलजोखिम सावित भयो । विकासको ढोका मानिने सडक सम्पर्क टुट्यो । विद्युतीकरण अबरुद्ध हुँदा बजार र वस्तीहरु अन्धकारतर्फ फर्कियो । पदमार्गहरु विच्छेद भए । भूकम्प गएको करिब ४ महिना लामावगर एउटा बन्द जेल जस्तै भयो । मानिसहरु यताउता गर्न नसक्ने भएपछि प्रमुख आवश्यकता सडक थियो ।
स्थानीयको प्रमुख गुनासो नै सडक खुलाउन तदारुकता नदेखाउँदा पहिलो चोट आयोजनालाई पर्‍यो भने

दोस्रो बासिन्दालाई । स्थानीयसँग समन्वय गरेर कार्य अगाडि बढाइएको भए आयोजनाले भूइँचालोपछिको जटिलता चिर्न धेरै सहज हुने जिकिर पहलमानको छ ।

हालसम्म आयोजनाको भित्री क्षति गोप्य राखिएको छ । आयोजनाको जलाशय क्षेत्र भासिएको बारे गहिरो अध्ययन भैरहेको आयोजनाले जनाएको छ । उक्त समस्या ठूलो नभएको निश्कर्ष आयोजनाको छ । बाहिरी रुपमा तामाकोसी आयोजना सुचारु सञ्चालनका लागि सडक, वन र इन्धनको झन्झट नै मूख्य बाधक देखिन्छ । आयोजनाको मूख्यालय जहाँ विद्युत् उत्पादनगृह बन्दैछ, त्यहाँसम्म पनि ठूला यात्रुबाहक र मालबाहक सावरी गुड्दैनन् । साना सवारीसाधन गुड्नका लागि सदरमुकाम चरिकोटदेखि करिब ६९  किलोमिटर प्रवेशमार्गअन्तर्गत उत्तरी केन्द्र सिंगटी बजारसम्म सहज छ ।भूकम्पले बढी क्षति पुर्‍याएको सिंगटीदेखिको २९ किमि सडकमध्ये हाल लामावगरस्थित काब्रेभीरसम्म हल्ला सवारीसाधन गुड्न मिल्नगरीखोलिएको छ । करिब ४ किमि सडक अझै खोल्न बाँकी रहेको छ ।

आयोजनाको पहलमा मर्मत जारी रहेको सडक यात्रा जोखिम छ, तर मानिसहरुलाई सुविस्ता भएकाले साना सवारीसाधनबाट ओहरदोहर गर्छन् । सिंगटीबाट करिब ६ किलोमिटरमा पर्ने भोर्ले भीरबाट ढुङ्गा खसिरहने भएकाले जोखिम यात्रा गर्नुपर्छ । आयोजनाको बाँधस्थल जोड्ने काब्रेभीर खण्डमा पैदल यात्रुसमेतलाई कठिन छ । उक्त सडक मर्मत थालिएको छैन । सजिलो ठाउँका सडक चौडा बढाउने कार्य कहीँकहीँ भैरहेको छ ।

'भूइचालोपछि करिब १० महिनासम्म सडक विस्तारको ठोस प्रयास नहुनु यो आयोजना र यो क्षेत्रको विडम्बना हो,' तिब्बती सिमाक्षेत्रस्थित नेपाली बस्ती लप्चेका अगुवा कर्मा शेर्पा भन्छन् । भूइँचालोपछि पटकपटक राहत र उद्धारका लागि हेलिकप्टरबाट लप्चे आउजाउ गरेका उनले कम्तीमा पनि लामावगर बजारसम्मको सडक मर्मत भैहाल्नुपर्ने माग राख्छन् । उनको नेतृत्वमा लामावगर र लप्चीवासीले लुमनाङ हुँदै चीनसँगको एतिहासिक सिमाना लप्चीसम्म सडक पुग्न जरुरीरहेको मागसहित प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई समेत ध्यानकर्षण गराएका छन् । ध्यानकर्षणपत्रमा लप्चीसम्मको गोडेटो बाटोसमेत मर्मतमा जोड दिइएको छ ।

सडक मर्मत नहुदाँ लामावगर बजारका मानिसहरु कठिन अवस्थाको सामना गरिरहेको स्थानीय सामाजिक अगुवा छ्योतर शेर्पा बताउँछन् । सडक नहुँदा आयोजनाको काम हुन नसक्नु अर्को ठूलो समस्या उनले ठानेको छन् । भूइँचालो जानुअघिसम्म करिब २ हजार मानिसहरु बस्ने लामाबगरमा अहिले स्थानीय र सुरक्षाकर्मीबाहेक अन्य व्यक्तिहरु छैनन् ।ठूलो भूइचालो जानुअघिसम्म यहाँका करिब २० वटा होटल पसलहरुमा मानिसहरुको भीड भैरहन्थ्यो । छ्योतरका अनुसार अहिले लामावगर बजारको माथ्लो बस्तीमा १ वटा र तत्लो बस्तीमा २ वटा आवाससहित होटल पसल छन, अन्य सबै विस्थापित भएका छन् ।

माथिल्लो तामाकोसी आयोजनाका अनुसार सडक मर्मत पहिलो आवश्यकतामा राखिएको हो । तर, इन्धन अभाव र भौगोलिक जटिलताले यो काममा सुस्तता पाइरहेको छ । राष्ट्रिय गौरवका आयोजनाहरुलाई सरकारले इन्धन उपलब्ध गराउने भनेको छ, तथापी तामाकोसीको सवालमा सरकारले कन्ज्युस्याइ गरिरहेको पाइएको छ । सधैं झैं, प्रमुख जिल्ला अधिकारीको सिफरिसपत्रको जरुरी र खटाइखटाइ इन्धन उपलब्ध गराइरहदाँ आयोजनाले निकै जटिलता बेहोर्नु परेको स्थानीयहरु बताउँछन् । २ साताअघि ध्वस्त संरचना मर्मतपछि राष्ट्रिय प्रशारणको विजुली आएपछि भने आयोजना र स्थानीयवासीलाई निकै सुविस्ता भएको स्थास्थ्यकर्मी राजु श्रेष्ठले बताए ।

उर्जा फास्ट ट्रयाक र राष्ट्रिय प्राथमिकको नीति बने पनि तामाकोसीका लागि ट्रान्समिसन लाइन विस्तारमा बन व्यवस्थापन बाधक बन्यो । आयोजनालाई लामावगरदेखि खिम्तीसम्म ४७ किलोमिटर लामो ट्रान्समिसन लाइन विस्तार गर्न निकै हम्मे पर्‍यो । १ सय २७ वटा टावरहरुमध्ये २८ वटा सामुदायिक बनहरुमा पर्ने५५ वटा टावर निर्माण र तार तान्न लिनुपर्ने स्वीकृतिका लागि आयोजनाका कर्मचारीहले फाइल बोकेर २१ महिनासम्म निकायहरुमा धाए । उक्त समस्यालाई मन्त्री परिषद्ले सम्बोधन गरिदिएको छ । अब प्रशारण लाइनका लागि रुख काट्ने कार्य तत्काल सुरु हुने विश्वासआयोजनाले गरेको छ ।अन्य कार्य पनि सुरु गर्ने तम्तयारी आयोजनाको कार्यसूचीमा छ ।

श्रोतः कान्तिपुर, २०७२/१२/१२

# नलसिंहगाडमा 'जलमाफिया' को चलखेल

*चार सय १० मेगावाटको जलविद्युत् आयोजना*

*भीमबहादुर सिंह*

चार सय १० मेगावाटको नलसिंहगाड जलविद्युत् आयोजनामा विकास विरोधीको चलखेल बढेको छ । परामर्शदाता छनोटमा मिलेमतो भएको आरोप लगाउँदै सरकारी निकायमा बेनामी उजुरी बढेका छन् ।

कानुनी प्रक्रिया विपरीतका त्यस्ता उजुरीले विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) को काम अवरुद्ध छ । देशकै ठूलोमध्येको उक्त आयोजना लागत र निर्माणका दृष्टिले सबैभन्दा सस्तो मानिन्छ ।

पहिचान भएको २७ वर्षपछि निर्माण प्रक्रियालाई गति दिने तयारीमा नलसिंहगाड विकास समिति रहँदा राष्ट्रिय/अन्तर्राष्ट्रिय गिरोह विभिन्न शक्ति केन्द्र धाउँदै आयोजना अगाडि बढाउन नदिन लागिपरेको स्रोतको भनाइ छ ।

त्यस्तो समूहले आयोजनालाई कम्पनी मोडालिटीमा लैजान र लाइसेन्स जारी गर्नेलगायत प्रक्रियाका लागि सरकारलाई दबाब दिइरहेको स्रोत बताउँछ ।

डीपीआरका लागि छनोट भएका परामर्शदातासँगको सम्झौतामा भएको ढिलाइप्रति स्थानीय बासिन्दा आक्रोसित छन् । नलगाड सरोकार समिति र जाजरकोटका बासिन्दाले समितिलाई तत्काल सम्झौता गरी डीपीआरको प्रक्रिया थाल्न आग्रह गरेका छन् ।

छनोट भएका परामर्शदातालाई सम्झौता गर्न आउन आशयपत्र जारी भएको सूचना प्रकाशित भइसकेको समितिका कार्यकारी निर्देशक मोतीबहादुर कुँवरले बताए । बेनामी उजुरीको बाढीले झन्झट मात्र बढाएको उनको भनाइ छ ।

गत असारमा प्रारम्भिक छनोटमा परेकामध्ये स्मेक इन्टरनेसनल अस्ट्रेलिया, एमडब्लूएच अमेरिका र एफ कन्सल्ट स्विजरल्यान्डले प्राविधिक तथा आर्थिक प्रस्ताव पेस गरेका थिए । विकास समितिले उक्त प्रस्तावको मूल्यांकन गरी स्मेकलाई परामर्शदाता छानेको थियो ।

परामर्शदाता छनोटको आधार आर्थिक प्रलोभन भएको आरोप दोस्रो कम्पनीले लगाएको थियो । खरिद प्रक्रियाका सबै कानुन पालना गरेर प्राविधिक र आर्थिक मूल्यांकनमा उच्च अंक ल्याउने कम्पनीलाई छनोट गरिएको कुँवरले बताए ।

एक अर्ब १७ करोडको लागत इस्टिमेट भित्रै रहेर परामर्शदाता छनोट भएको छ । छनोट भएको कम्पनीलाई थप १८ करोड रुपैयाँ घटाइएको कुँवरले जानकारी दिए । स्मेकले एक अर्ब १२ करोडको प्रस्ताव पेस गरेकामा ९४ करोडमा सम्झौता हुन लागेको उनले बताए । 'कानुन मिचेर कुनै काम भएको छैन,' उनले भने ।

समितिको निर्णयउपर चित्त नबुझे कबोल गरेको अंकको पाँच प्रतिशत घरौटी राखेर सम्बन्धित कम्पनीले उजुरी गर्न सक्ने प्रावधान छ । कुनै व्यक्ति र बेनामी उजुरीको अर्थ नभएको उनले बताए ।

परामर्शदाताका लागि १६ मध्ये पाँच कम्पनी छनोट भएका थिए । प्रारम्भिक छनोटबाट बाहिरिएका कम्पनीले अनेक बहानामा प्रक्रिया रद्द गराउन लागेको उनले बताए ।
तीमध्ये केहीले कम्पनी मोडालिटीका लागि सरकारलाई दबाब दिइरहेका छन् भने अन्य केही निजी क्षेत्रलाई इजाजत दिने प्रणालीका लागि 'लबिङ' मा छन् । ती दुवै मोडालिटीबाट अगाडि बढे आयोजना अलपत्र पर्ने कुँवरले बताए । 'ती मोडालिटीले दलालको चलखेल बढाउने छन्,' उनले भने ।

चलखेल र राजनीतिक हस्तक्षेपबाट टाढा राखेर सरकारले नै आयोजनाको निर्माण थाल्नुपर्ने उनको भनाइ छ ।
'कम्पनी बनाउने र निजी क्षेत्रलाई लाइसेन्स दिने प्रक्रियाले चल्ला नकोरल्ने कुखुरो ओथारो बसेजस्तो मात्र हुन्छ,' उनले भने । ती मोडालिटी ल्याइए पश्चिम सेती र माथिल्लो कर्णालीकै नियती नलसिंहगाडले पनि बेहोर्ने उनको भनाइ छ । 'राज्यको लगानीबाटै आयोजना छिटो बन्छ,' उनले भने, 'कुलेखानी र मस्र्याङ्दी जलविद्युत् आयोजना त्यसका उदाहरण हुन् ।'
सरकारले निर्माण थाले तीन वर्षमा डीपीआर र १० वर्षमा आयोजना नै सम्पन्न हुने उनको भनाइ छ । यसलाई राष्ट्रिय गौरवको आयोजनामा सूचीकृत गरी सरकारी लगानीबाटै निर्माण हुनुपर्ने जाजरकोटवासीको माग रहेको सरोकार समितिका अध्यक्ष गणेशप्रसाद सिंहले बताए । गृहमन्त्री शक्ति बस्नेत पनि सोही पक्षमा छन् ।
'लागत र निर्माणका दृष्टिले सबैभन्दा सस्तो भएकाले यसलाई राज्यले नै निर्माणको जिम्मा लिनुपर्छ,' मन्त्री बस्नेतले भने ।

श्रोतः अभियान, २०७२/१२/१२

# सुल्झियो प्रसारण लाइनको समस्या

माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको प्रसारण लाइन निर्माणमा देखिँदै आएको समस्या समाधान भएको छ ।

भूकम्प र नाकाबन्दीका कारण लामो समयदेखि प्रभावित निर्माण कार्य सरकारले निर्णय गरेपछि सहज भएको हो । रूख कटानका लागि अनुमति दिएपछि आयोजना अघि बढाउन सहज भएको वन तथा भूसंरक्षण मन्त्रालयका प्रवक्ता गणेशप्रसाद न्यौपानेले बताए ।

प्रसारण लाइन क्षेत्र र आरक्ष क्षेत्रअन्तरगत पर्ने २७ ओटा सामुदायिक वनका चार हजार तीनसय ४१ रूख कटान गर्नुपर्नेछ । दुई वर्षदेखि रूख कटानको विषयमा आवश्यक निर्णय हुन नसक्दा आयोजनाको प्रसारण लाइन निर्माणमा बाधा पुगेको थियो ।

आयोजनाले एक वर्षभित्र सट्टा जग्गा उपलब्ध गराउने र वृक्षारोपण गर्ने प्रतिबद्धता जनाएपछि समस्या सुल्झिएको हो । रुख कटानका लागि स्वीकृति दिएपछि हाल आयोजना, वन विभाग र आरक्षबीच सम्झौताको तयारी गरिएको छ । त्रिपक्षीय सम्झौतापछि आयोजनाले रूख काटन शुरु गर्नेछ ।

तामाकोसी आयोजनाका प्रवक्ता न्यौपानेले तत्काल सम्झौता प्रक्रियाले तार्किक निष्कर्ष पाउने र रूख कटान कार्य अगाडि बढाउने बताए । कूल एकसय २७ ओटा टावरमध्ये सामुदायिक वन क्षेत्रमा पर्ने ६० ओटा टावरको काम अगाडि बढाउने मार्ग खुलेको उनको भनाइ छ । रूख काटेपछि सामुदायिक वन क्षेत्रभित्र आयोजनाले करीब ६० हजार बिरुवा वृक्षारोपण गर्नुपर्नेछ ।

आयोजनाले २३ ओटा टावर पूर्णरुपमा निर्माण सम्पन्न गरिसकेको छ भने ७० ओटाको जग खन्ने काम जारी छ । आयोजनाबाट उत्पादन हुने विद्युत् डबल सर्किट दुईसय २० केभी प्रसारण लाइनमार्फत राजधानीमा जोडिनेछ । प्रसारण लाइन निर्माणका लागि भारतीय कम्पनी केइसी इन्टरनेसनले काम गरिरहेको छ । *रासस*

श्रोतः कारोबार, २०७२/१२/१२

# सुल्झियो प्रसारण लाइनको समस्या

माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको प्रसारण लाइन निर्माणमा देखिँदै आएको समस्या समाधान भएको छ । भूकम्प र नाकाबन्दीका कारण लामो समयदेखि प्रभावित निर्माण कार्य सरकारले निर्णय गरेपछि सहज भएको हो । रूख कटानका लागि अनुमति दिएपछि आयोजना अघि बढाउन सहज भएको वन तथा भूसंरक्षण मन्त्रालयका प्रवक्ता गणेशप्रसाद न्यौपानेले जानकारी दिए ।

प्रसारण लाइन क्षेत्र र आरक्ष क्षेत्रअन्तर्गत पर्ने २७ वटा सामुदायिक वनका चार हजार ३४१ रूख कटान गर्नुपर्नेछ । दुई वर्षदेखि रूख कटानको विषयमा आवश्यक निर्णय हुन नसक्दा आयोजनाको प्रसारण लाइन निर्माणमा बाधा पुगेको थियो ।

आयोजनाले एक वर्षभित्र सट्टा जग्गा उपलब्ध गराउने र वृक्षारोपण गर्ने प्रतिबद्धता जनाएपछि समस्या सुल्झिएको हो । रुख कटानका लागि स्वीकृति दिएपछि हाल आयोजना, वन विभाग र आरक्षबीच सम्झौताको तयारी गरिएको छ । त्रिपक्षीय सम्झौतापछि आयोजनाले रूख काटन सुरु गर्नेछ ।

तामाकोसी आयोजनाका प्रवक्ता न्यौपानेले तत्काल सम्झौता प्रक्रियाले तार्किक निष्कर्ष पाउने र रूख कटान कार्य अगाडि बढाउने बताए । कुल १२७ वटा टावरमध्ये सामुदायिक वन क्षेत्रमा पर्ने ६० वटा टावरको काम अगाडि बढाउने मार्ग खुलेको उनको भनाइ छ । रूख काटेपछि सामुदायिक वन क्षेत्रभित्र आयोजनाले करिब ६० हजार बिरुवा वृक्षारोपण गर्नुपर्नेछ ।

आयोजनाले २३ वटा टावर पूर्णरुपमा निर्माण सम्पन्न गरिसकेको छ भने ७० वटाको जग खन्ने काम जारी छ । आयोजनाबाट उत्पादन हुने विद्युत् डबल सर्किट २२० केभी प्रसारण लाइनमार्फत राजधानीमा जोडिनेछ । प्रसारण लाइन निर्माणका लागि भारतीय कम्पनी केइसी इन्टरनेसनले काम गरिरहेको छ ।